## वाइडबडीमा मुछिए देउवा

काठमाडौं । बहुचर्चित वाइडबडी विमान खरिद प्रकरणमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको संलग्नताको समाचार प्रकाशित भएपछि कांग्रेसभित्र ठूलै हलचल मच्चिएको छ । कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले पत्रकार सम्मेलनमार्फत खण्डन गरेर विमान खरिद प्रक्रियामा सभापति देउवाको कुनै भूमिका नरहेको दाबी खण्डन गरेका थिए ।

केन्द्रीय सदस्य जीवनबहादुर शाही पर्यटनमन्त्री भएका बेला विमान खरिद प्रक्रियाले गति लिएको थियो भनेर नेपाली कांग्रेसका प्रवक्ता **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## डाभोसमा ओलीले भने-

काठमाडौं । विश्व आर्थिक मञ्च अर्थात् डाभोस फोरमको वार्षिक बैठक मंगलबार सुरु भएको छ । विश्वको आर्थिक अवस्थामा सुधार कसरी ल्याउने भन्नेमा चिन्तन मनन गर्न यी उच्च प्रतिनिधि व्यस्त रहेका छन् । मञ्चका संस्थापक तथा वर्तमान अध्यक्ष क्लाउस स्वाबले विश्वभरबाट भेला भएका करिब १०० देशका तीन हजार प्रतिनिधिलाई स्वागत गर्दै विश्वले सामना गरिरहेका प्रतिकूल परिस्थतिलाई मिलेर समाधान काम गर्नुपर्ने बताए । उनले जलवायु परिवर्तनका असर, गरीबी निवारण तथा बालबालिकाको शिक्षाको सुनिश्चितताका **बाँकी ८ पेजमा**

वर्ष ७ अंक ३९, २०७५ साल माघ ११ गते शुक्रबार, नेपाल संवत् ११३९ (Jan. 25, 2019) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# के छ विधेयकमा, सत्याग्रहीको माग के हो ?

काठमाडौं । चिकित्सा क्षेत्र सुधारको माग राख्दै १५ औं पटकको सत्याग्रह पार गरिसकेका त्रिविवि शिक्षण अस्पतालका चिकित्सक डा.गोविन्द केसी १६ औं पटक अनसनमा छन् र आज उनको अनसनले सत्र दिन टेकेको छ । गत साउन १० मा सरकारसँग भएको सम्झौता विपरीत राष्ट्रिय चिकित्सा शिक्षा विधेयक २५ पुसमा संसदीय समितिले पारित गरेपछि डा. केसीले ६ बुँदे मागसहित सुदूरपूर्वी पहाडी जिल्ला इलामबाट सत्याग्रह थालेका हुन् ।

उनको मागको पहिलो बुँदामा गत साउन १० मा सरकारसँग भएको सम्झौता बमोजिम अक्षरशः संशोधन गरेर चिकित्सा शिक्षा विधेयक पास गर्नुपर्ने उल्लेख छ । गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदनले दोषी ठहर गरेका त्रिवि पदाधिकारी लगायतलाई सिफारिस बमोजिम तत्काल बर्खास्ती लगायत कारबाही गर्न, त्रिवि पदाधिकारीद्वारा चिकित्सा शिक्षा अध्ययन संस्थानका खोसिएका अधिकार संस्थानमै फिर्ता गर्न र कृषि तथा वन विश्वविद्यालयमा सम्बन्धन रोक्ने मन्त्री परिषद्को निर्णय बाबजुद चोरबाटोबाट दिन लागिएको सम्बन्धन तत्काल रोक्दै दोषी पदाधिकारीमाथि कारबाही गर्न उनको माग छ ।

सातै प्रदेशमा सरकारी मेडिकल कलेज खोल्ने काम द्रुत गतिमा अघि बढाउनुपर्ने, पाँचथर, ताप्लेजुङ, तेह्रथुम लगायतका जिल्लाका नागरिकलाई सहज स्वास्थ्य सेवा र मेडिकल शिक्षाका लागि इलाम एवं सोलुखुम्बु, खोटाङ, ओखलढुंगा, भोजपुर, उदयपुर, सिरहा र सप्तरी लगायत जिल्ला समेटेर उदयपुरमा सरकारी मेडिकल कलेज तथा अस्पताल खोल्न डा. केसीले माग गरेका छन् । सुदूरपश्चिमका डडेल्धुरा, डोटी, बैतडी, बझाङ, अछाम, दार्चुला लगायत जिल्ला समेटेर डडेल्धुरामा पनि सरकारी मेडिकल कलेज र अस्पताल खोल्नुपर्ने तथा सरकारी निर्णय उल्लंघन गर्दै काठमाडौं विश्वविद्यालयले तोकेको शुल्क तत्काल फिर्ता लिई दोषी पदाधिकारीमाथि कारबाही गर्न उनले माग गरेका छन् ।

कञ्चनपुरकी बालिका निर्मला पन्तमाथि बलात्कार र हत्या गर्नेलाई तत्काल पक्राउ गरी मुद्दा चलाउन, प्रमाण नस्ट गर्ने, झूटा प्रमाण बनाउने,



यातना दिने, न्याय माग्न चलेको आन्दोलनमा गोली चलाई हत्या, अंगभंग गर्ने व्यक्तिमाथि तत्काल फौजदारी मुद्दा चलाउन पनि डा. केसीका माग छ । उनले सशस्त्र द्वन्द्वकालका जघन्य तथा मानवता विरोधी अपराधका दोषीलाई अन्तर्राष्ट्रिय कानुनअनुसार दण्डित गर्नुपर्ने र द्वन्द्वपीडितको माग सुनुवाई गर्दै संक्रमणकालीन न्याय शीघ्र टुंगोमा पुऱ्याउनुपर्ने माग समेत थप गरेका छन् ।

साउन १० को सहमतिपछि विज्ञप्ति निकालेर डा. केसीले ऐन ल्याउन पुस १७ सम्मको अल्टिमेटम दिएका थिए । त्यसपछि संघीय संसदको शिक्षा तथा स्वास्थ्य समिति सभापति जयपुरी घर्तीले केही समय मागेपछि उनले दुई साता समय दिएका थिए । सत्याग्रहका लागि पुस १७ गते इलाम पुगेका डा.केसीले समितिले पुनः केही दिन पर्खी दिन भनेपछि २५ पुससम्मका लागि सत्याग्रह सारेका थिए । तर साउन १० को सहमतिको अपहेलना गर्दै सरकारले चिकित्सा शिक्षा विधेयक फरक ढंगले ल्याएपछि डा.केसीले १६ औं सत्याग्रह सुरु गरेका हुन् ।


जुम्लामा २७ दिन सत्याग्रहमा बसेपछि डा. केसीलाई बल प्रयोग गरेर हेलिकप्टरमार्फत काठमाडौं ल्याइएको थियो । त्यही बेला साउन १० मा केसीका प्रतिनिधि र सरकारबीच चिकित्सा शिक्षा विधेयक संशोधनमा सहमति भएको थियो । आगामी १० वर्षभित्र काठमाडौं उपत्यकाभित्र नयाँ मेडिकल कलेजलाई सम्बन्धन नदिने, एउटा विश्वविद्यालयले पाँचभन्दा बढी मेडिकल कलेजलाई सम्बन्धन नदिने, सम्बन्धन पर्खिरहेका काठमाडौंका मेडिकल कलेज सरकारले किनिदिएर काठमाडौं बाहिर जान सहजीकरण गर्ने, सम्बन्धन र आशयपत्र लिएका उपत्यका बाहिरका मेडिकल कलेजका हक चिकित्सा शिक्षा आयोगले निर्णय गर्ने लगायतका २२ बुँदेमा सहमति भएको थियो । तर उनीसँगका सहमतिका बुँदाभन्दा फरक व्यवस्था सहितको विधेयक संसदको शिक्षा तथा स्वास्थ्य समितिले बहुमतले पारित गरेपछि डा.केसी बाध्य भएर सत्याग्रहमा बसेका हुन् । २३ सदस्यीय समितिमका बैठकमा उपस्थित १८ सांसदमध्ये कांग्रेसका ४ बाहेक १४ जनाले विधेयक प्रतिवेदनका पक्षमा मतदान गरे भने पाँच सदस्य बैठकमा अनुपस्थित थिए ।

समितिबाट पारित विधेयक प्रतिवेदन चिकित्सा शिक्षामा गुणस्तर कायम गर्न एउटा विश्वविद्यालयले पाँचभन्दा बढी मेडिकल कलेजलाई सम्बन्धन दिन नहुने माथेमा कार्यदलको मर्म र डा. केसीसँगको सहमति विपरीत रहेको प्रतिपक्ष दल नेपाली कांग्रेसको समेत आरोप छ । प्रतिवेदनअनुसार संसदबाट विधेयक पारित भएमा उपत्यका बाहिरका मेडिकल कलेजले अहिलेकै विश्वविद्यालयबाट सम्बन्धन पाउने बाटो खुलेको छ । अहिले भएकै कलेजलाई नियमन, परीक्षा सञ्चालन गर्न धौ धौ परेका विश्वविद्यालयले थप सम्बन्धन दिनु पर्दा चिकित्सा शिक्षाको गुणस्तर झन् खस्किने निश्चित छ । मेडिकल कलेजलाई सम्बन्धन दिइरहेका विश्वविद्यालयले यसअघि थप कलेजलाई धान्न नसक्ने निर्णय गरिसकेका छन् । प्रस्तावनामा माथेमा कार्यदलको नाम उल्लेख **बाँकी ८ पेजमा**

## थोत्रा सवारीले बढायो प्रदूषण

काठमाडौं । उपत्यकाको वायु प्रदूषण अत्यधिक मात्रामा बढेको पाइएको छ । रत्नपार्कको वायु प्रदूषण यन्त्रले दिएको तथ्यांक अनुसार बिहान २:४५ मा कणको मात्रा अर्थात् पार्टी कुलेट ग्याटर्स (पीएम) २ दशमलव ५ का दरले १४५ पुगेको छ । काठमाडौंमा वर्षादपछि केही दिन वायु प्रदूषण घटे पनि फेरि माघ लाग्नासाथ प्रदूषण उच्च हुने देखिएको छ ।

विश्व स्वास्थ्य संगठनले पीएम २ दशमलव ५ को मात्रा १० माइकोग्राम क्युबिक मिटर निर्धारण गरे पनि सरकारले राष्ट्रिय मापदण्ड ४० निर्धारण गरेको छ । काठमाडौंको प्रदूषणको मुख्य कारणका रुपमा सवारी प्रदूषणलाई लिइएको छ । त्यसमा पनि २० प्रतिशत गाडीले र ५० प्रतिशत धूवाँ फालेका फालिरहेका हुन्छन् । त्यसमा पनि २० प्रतिशत थोत्रा सवारी साधनले



सबभन्दा बढी धूवाँ फालिरहेका छन् ।

सन् २००५ मा ट्राफिक प्रहरीको सहायतामा धूवाँ फालिरहेका सवारी साधनलाई रोकेर परीक्षण गरिएको थियो तर अहिले त्यस्तो काम रोकिएको छ । जसका कारण प्रदूषण बढेको छ । यदि धेरै धूवाँ फाल्ने सवारी साधनलाई सडकबाट हटाउने र थोत्रा सवारी साधनको मर्मत सम्भार गर्ने हो भने ५० प्रतिशत प्रदूषण कम हुने वातावरणविदहरु बताउँछन् । उनीहरु भन्छन्- काठमाडौंको प्राकृतिक रुप नै संवेदनशील छ **बाँकी ८ पेजमा**

## शोधनान्तर घाटा चुलियो


काठमाडौं । चालु आर्थिक वर्षको पाँच महिनामा शोधनान्तर घाटा चुलिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मासिक तथ्यांकले शोधनान्तर बढेको देखाएको हो । मंसिरसम्म शोधनान्धर घाटा ८५ अर्ब ३२ करोडले पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति ५ अर्ब ४८ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको पाँच महिनामा ५ करोड ३९ लाखले घाटामा रहेको शोधानान्तर स्थिति ७५ करोड १ लाखले घाटामा रहेको छ ।

त्यसैगरी चालु खाता घाटा १ खर्ब १९ अर्ब ३३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा त्यस्तो घाटा ६४ अर्ब ११ करोड रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको मंसिरसम्म ६२ करोड ३ लाख रहेको चालु खाता घाटामा मंसिरमा १ अर्ब ४ करोड ४५ लाख पुगेको छ ।

राष्ट्र बैंकले चालु आर्थिक वर्षको मंसिरसम्ममा उपभोक्ता मूल्य वृद्धि ३ दशमलब ७ प्रतिशत रहेको जनाएको छ । गत वर्षको सोही अवधिमा मूल्यवृद्धि ४ दशमलव २ प्रतिशत रहेको जनाएको छ । मंसिरमा उपभोक्ता मूल्यस्फिति हिमालमा ४ दशमलव १ प्रतिशत, पहाडमा ३ दशमलव ८ प्रतिशत, काठमाडौं उपत्यकामा ३ दशमलव ७ प्रतिशत र तराईमा ३ दशमलव ७ प्रतिशत रहेको छ ।

विप्रेषण आप्रवाह ३१ दशमलव ९ प्रतिशतले वृद्धि भई ७६ अर्ब ५९ करोड पुगेको छ । अघिल्लो वर्षको यही अवधिमा विप्रेषण आप्रवाह शून्य दशमलव ८ प्रतिशतले घटेको छ । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १९ दशमलव २ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष **बाँकी ८ पेजमा**

## चन्द्रमामा बिरुवा



काठमाडौं । चीनले पहिलो पटक चन्द्रमामा विरुवा उमारेको समाचार संस्था सिन्ह्वाले जनाएको छ । विरुवा उमारिएको तस्बिर मंगलबार चाइना नेशनल स्पेश एडमिनिस्ट्रेसनले सार्वजनिक गरेको छ ।

समाचार संस्था सिन्ह्वाका अनुसार गत ३ जनवरीमा चन्द्रमाको छेउमा अन्तरिक्ष यान चांगअ ४ अवतरण भएको थियो । सो अन्तरिक्ष यान चांगअ ४ ले लिएको कपासको बिउ चन्द्रमामा टुसाएको हो । सो अन्तरिक्ष यानले कपास, आलुको **बाँकी ८ पेजमा**

## अतिक्रमित सीमा क्षेत्रमा विप्लवको काँडेतार



काठमाडौं । भारतले नेपालको ठूलो परिमाणमा भूमि अतिक्रमण गरेको छ । कालापानी, सुस्तादेखि लिएर इलामको मानेभन्ज्याङसम्म पुग्दा भक्तपुर जिल्लाको जत्रो क्षेत्रफल भारतले कब्जा गरिसकेको छ । पछिल्लो चरणमा लिपुलेकमा पनि भारत, चीन मिलेर अधिपत्य जमाएका छन् । सुगौली सन्धिले गुमेको विशाल नेपालको टिस्टा काँगडासम्मको भूभाग त दुई सय वर्ष अघिबाट भारतले निरन्तर कब्जा गरिरहेको छ भने मेची कालीबीचको नेपाली भूभागमा पटक पटक गिद्देदृष्टि लगाउँदै आएको छ । यसैबीच सीमा रक्षाका लागि संघर्ष गर्दै आएको नेपाल कम्युनिस्ट पार्टीले सिमानामा काँडेतार लगाउने अभियानको थालनी गरेको छ ।

यसैबीच नेत्रविक्रम चन्द 'विप्लव' सम्बद्ध अखिल क्रान्तिकारीले भारतबाट अतिक्रमित सीमा क्षेत्रमा काँडेतार लगाएको छ । चितवनको माडीस्थित सोमेश्वरगढी नजिकै मर्चरी भन्ने स्थानमा काँडेतार लगाएको हो । माडी क्षेत्रमा भारतले दुई सय मिटर वर सीमा स्तम्भ सारेको स्थानीयबासी बताउँछन् । त्यही ठाउँमा विप्लव नेतृत्वको माओवादीसम्बद्ध विद्यार्थी संगठन अखिल क्रान्तिकारीले तारबार गरेको हो ।

अखिल क्रान्तिकारीका अध्यक्ष चिरञ्जिवी ढकालले **बाँकी ८ पेजमा**

समय-सन्दर्भ

## नरशमशेरका नयाँ अवतारहरू

राजन कार्की (वरिष्ठ पत्रकार)

१९९७ साल । जहाँनिया राणा शासन । श्री ३ को आदेशमा शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठलाई गोली ठोकेर, झुण्ड्याएर मारियो । १९०३ मा मान्छे काटेर सत्ता प्राप्त गरेको राणा शासनले १ सय ४ वर्ष सत्ता टिकाउन पनि मान्छे काटिरह्यो, मारिरह्यो ।

कम्युनिष्टको छलाङ र क्रमभंगतामात्र होइन, प्रचण्डपथ, मदन भण्डारीपथको समेत हल्लीखल्ली भए तर नैतिकबल स्थापित गरिएन । इमान बेचेर र इख साधेर शक्तिशाली हुने क्रम राणामा थियो, वर्तमान नेतृत्व तहमा पनि कायमै छ । राणा शासन गयो कसरी भन्ने ? पहिले जहाँनियाँ शासन थियो, अहिले पार्टी-परिवारको शासन छ । राष्ट्रको शासन, लोकशाही त जन्मने कहिले हो कहिले ? इमान ब्रम्हनालमा पुगेको अवस्था हो यो ।

हिजोका दिनमा भ्रष्टाचार र राष्ट्रघातमा गिरिजाप्रसाद कोइराला गिर्नुसम्म गिरेकै हुन् । प्रचण्ड आज पनि लोकप्रतापि बन्न नसकेकै हो । माधव नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई, शेरबहादुर देउवा, कमल थापाहरु सबैको कार्यकालमा लोक मारिए । राष्ट्रिय सम्पदा र सम्पत्ति बेचिए । आफू पोसिए, आफन्तलाई पोस्नुसम्म पोसे ।

त्यसो भए राणा शासनका नरशमशेर र लोकतन्त्रका यी शासकहरुमा कति फरक भयो र ? यो प्रत्येक नेपालीले जान्नैपर्ने विषय हो ।

२००७ सालमा राणा शासन अन्त भएपछि पनि जनता मार्ने क्रम रोकिएन । २०१७ साल र त्यसपछि पनि पञ्चायत विरोधीहरुलाई अतको आरोपमा मारिएकै हो । ०३६ सालमा पनि केही मारिए, ०४६ सालको परिवर्तन पनि जनताको रगत बगेपछि नै आएको हो । नेपालको शासन सत्ता जहिले पनि षडयन्त्र र हत्याकाण्डबाट परिवर्तन हुने चल्ने र फेरि परिवर्तन हुने गरेको छ । यो क्रम १९०३ असोज ९ गते बसन्तपुरको कोतमा शक्तिशालीहरुवीचको मारामारबाट सुरु भएको हो, जसलाई कोतपर्व भनिन्छ । यही कोतपर्व मच्चाउने योजनाकार जंगबहादुर १९१३ मा श्री ३ महाराज बने । त्यसपछि आजसम्म पनि निरन्तर अनेक खालका कोतपर्वहरु भइरहेका छन् । कहिले सप्तरी, कहिले संसद, कहिले कैलाली, कहिले राजविराज त कहिले राजधानीमा जे देखिए, ती खुला कोतपर्व हुन । १० वर्षे जनयुद्धमा यति ठूला-ठूला अमानवीय कत्लेआम काण्डहरु भए कि त्यसको इतिबृतान्त पढ्ने हो भने हिटलरको इतिहास पढ्नै पर्दैन । २०६३ अघि न पछि, जति सत्तासीन भएका छन्, ती सबै साना ठूला कोतपर्वका नायकहरु हुन् । धेरैको जीवनी पढे थाहा हुन्छ, काँचुली फेरेकाहरु सबै
रक्तवाथ गरेका राताम्मे देखिन्छन् । सूर्य उदायो रे । सूर्य उदायो त कम्युनिष्ट परिवारलाई उदायो, देश इमानले उज्यालो भएको हो र ? सत्य के हो भने काँढे भ्याकुर चरो नेपालमा मात्र पाइन्छ, कोतपर्वे मानसिकता भएका नेताहरु पनि नेपालमा मात्र छन् । त्यसकारण त कहावत छ- अजव नेपाल गजब काश्मीर ।

राजनीतिक परिवर्तनले राजकाज गर्नेहरुको मुहार परिवर्तन भइरह्यो । राष्ट्र र जनता हिजो पनि विदेशी र स्वदेशी निरङ्कूशको शोषणमा थिए, आज पनि शोषित भएकै छन् । कहाँ पाए तिनले अधिकार ? कहाँ पाए स्वतन्त्रता ? राष्ट्रलाई मिहिन तरिकाले पराधीन बनाउनेहरुले राष्ट्रवासीलाई स्वाधीनता दियौं **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# विदेशी बैंकको पैसा फिर्ता ल्याउने चुनौती

नेपाल विश्वकै गरिब राष्ट्रको सूचीबाट मुक्त हुन सकेको छैन । चरम गरिबीको मारमा परेका जनता गास, बास, कपासको आधारभूत आवश्यकताको खोजीमा भौंतारिइरहेका छन् । मुलुकभित्र रोजगारीको व्यवस्था नहुँदा लाखौं युवा जनशक्ति खाडी मुलुकमा गएर कठिन श्रम गर्न विवश छन् । महिला दिदीबहिनीहरू समेत घरेलु श्रमिकका रूपमा विदेशी भूमिमा काम गरेर घर व्यवहार चलाउने खर्चको जोहो गरिरहेका छन् । बहुसंख्यक गरिब जनताको बीचमा केही व्यक्तिहरूले कानुन छलेर अकुत सम्पत्ति आर्जन गरेका छन् । उनीहरूले आर्जन गरेको गैरकानुनी सम्पत्ति स्वदेशमा मात्र नभएर विदेशका बैंकहरू र विभिन्न मुलुकका कम्पनीहरूमा लगानी गरेको तथ्य सार्वजनिक भएको छ । केही प्रतिष्ठित व्यावसायिक घराना र केही नाम नसुनेका नेपालीहरूले समेत स्विस बैंकमा अर्बौं सम्पत्ति जम्मा गरेको तथ्य खोज पत्रकारिताको अन्तर्राष्ट्रिय संयन्त्र आईसीआईजेले सार्वजनिक गरेपछि त्यसले मुलुकमा तरंग पैदा गरेको छ ।

खोज पत्रकारिता केन्द्र (खोपके) को टिमले आइसीआईजेसँगको सहकार्यमा सार्वजनिक गरेको अनुसन्धानात्मक रिपोर्टलाई सोझै नकार्न सकिँदैन । रिपोर्टमा उल्लेख भएका केही व्यापारिक घरानाका प्रमुखहरूले विदेशमा आफ्नो लगानी नभएको प्रेससमक्ष बताएका छन् । सम्पूर्ण मिडियाहरूले प्राथमिकताका साथ सम्प्रेषण गरेको समाचारप्रति प्रधानमन्त्रीको समेत गम्भीर ध्यानाकर्षण भएको छ भने संसदमा समेत प्रश्न उठेको छ । प्रधानमन्त्री कार्यालयले सम्पत्ति शुद्धीकरण विभागलाई यसबारेमा अनुसन्धान गर्न निर्देशन दिएको छ र राष्ट्र बैंकले समेत गम्भीर चासो लिएको छ ।

नेपालबाट बर्सेनि अर्बौं कालो धन बाहिरिने गरेको समाचार बेला बेला सार्वजनिक हुने गरेको भए तापनि त्यसप्रति सरकार गम्भीर बनेको थिएन । त्यसैगरी बाहिरबाट शंकास्पद ढंगले अर्बौं रकम भित्र्याउने व्यापारी अजयराज सुमार्गीको कारोबार र चमत्कारिक ढंगको आर्थिक प्रगतिप्रति समेत सरकारले आँखा चिम्लिँदै आएको थियो । अहिले खोज पत्रकारको टिमले स्विस बैंकमा ५२ अर्ब सात करोड २७ लाख ७३ हजार राख्ने र ट्याक्स हेवेन राष्ट्र लगायतका विभिन्न राष्ट्रहरूका कम्पनीमा लगानी गर्नेहरूको नामसहित समाचार सार्वजनिक भएपछि भने यसले संसददेखि मन्त्रिपरिषद्सम्ममा हलचल मच्चाएको छ ।

पञ्चायतकालको अन्त्यमा जनआन्दोलन उत्कर्षतर्फ पुग्दै गर्दा नेताहरूले पम्फादेवी ठकुरानीका नाममा स्विस बैंकमा अर्बौं रहेको र जनआन्दोलन सफल भएपछि उक्त रकम फिर्ता ल्याउने भनेर मञ्चमा भाषण गर्ने गरेका थिए । अहिले पम्फादेवी ठकुरानी जस्ता दर्जनौं जन्मिसकेका छन् जसले स्वदेशको पुँजी अवैध ढंगले विदेश पलायन गराइरहेका छन् । मुलुकमा व्याप्त भएको भ्रष्टाचार, कालाबजारी, कमिसनतन्त्र, राजस्व छलीद्वारा आर्जन गरेको अर्बौं रकम विदेशिने गरेको छ । कमिशनको मोहमा चुर्लुम्म डुबेर एनसेल कम्पनीसँग कर बापत असुल गर्नुपर्ने अर्बौं रकम समेत खुलमखुला विदेश लैजान दिने राष्ट्रघाती प्रशासकहरूलाई कुनै कारबाही भएको छैन । त्यसैगरी भर्खरै मात्र चर्चामा आएको वाइडबडी जहाज खरिदमा भएको साढे ६ अर्ब भ्रष्टाचारको रकम ककसले कहाँ पुऱ्याए सरकारसँग हिम्मत छ भने त्यसको समेत खोजी गरेर देखाउन सक्नुपर्छ ।

भ्रष्टाचार र कालो धनको जरो उखेल्न भ्रष्टाचारकै आहालमा डुबुल्की मारिरहेको हाम्रो प्रशासनिक संयन्त्र कहाँसम्म सक्षम बन्छ त्यो हेर्न बाँकी नै छ । विदेशमा रहेको सम्पत्ति फर्काउने जस्तो गम्भीर र चुनौतीपूर्ण विषयको अनुसन्धान कुन तहसम्म जान्छ त्यसबारे भविष्यमै थाहा होला । राज्यले साँच्चीकै दृढ संकल्पित भएर काम गर्ने हो भने असम्भव केही छैन । त्यसैले इमानदारितापूर्वक काम गरेर विदेशिएको रकम फिर्ता गरेर देखाउन सक्नुपर्छ ।

# के हुँदैछ डाभोसमा : यसबाट नेपाललाई के फाइदा ?

**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**










स्वीटजरलैण्डको डाभोसमा विश्व आर्थिक मंचको बैठक वसी रहेको छ । नेपाल लगायत विश्वका नेताहरु जलवायुमा आएको परिवर्तन र यसले पृथ्वीलाई पुराउने हानीको वारेमा छलफल गरी यस वातावरणीय समस्याबाट कसरी मुक्त हुन सकिन्छ भनेर छलफल गर्दैछन् । वातावरणीय समस्या जसरी जटिल हुँदै गइरहेको छ त्यसैगरी गंभीर भएर सोची आगामी १२ वर्ष भित्र ठोस कार्य नगर्ने हो भने पृथ्विकै अस्तित्व माथि प्रश्न लाग्न सक्ने कुरा अन्तरसरकारी प्यानेलले आफनो प्रतिवेदन उल्लेख गरिसकेको छ । जलवायुमा आएको परिवर्तनको कारण आउनसक्ने खतरालाई विज्ञानले पहिले कहिल्यै इंगित नगरेको र समस्याको हल गर्ने सुत्र फेला नपरे जलवायु परिवर्तनको असर समुद्रमा, पर्यावरणीय प्रणालीमा, समशितोष्ण क्षेत्रका जंगलमा, जीवजन्तुहरुमा र पिउने पानीको श्रोतमा नराम्ररी पर्ने अनि त्यसको अलावा हिमताल पग्लन गइ हिमालमा हिउ नरहने कारण पर्वतिय क्षेत्रमा मरुभूमीकरण हुन गई जलविद्युत उर्जा उत्पादन क्रमस घटदै गई आम उर्जा संकट आउने जस्को समाधान एक देशबाट संभव नभै सिंगो विश्व लाग्नु पर्ने प्रतिवध्दता सम्मेलनले खोज्ने जनाइएको छ ।

सूचना प्रविधिमा भएको नपत्याउदो विकाशलाई चौथो औद्योगिक क्रान्ती मान्दै त्यस्को प्रभाव अर्थतन्त्र, रोजगार, राष्ट्रिय सुरक्षामा घनिभूत ढंगबाट परेको कुराले राजनीतिक तथा ब्यपारिक नेताहरुको ध्यान खिचेको परिप्रेक्ष्यमा रोजगारी र उत्पादनमा गर्नु पर्ने वृध्दि जस्ता आन्तरिक कुराहरुतर्फ उनीहरुको ध्यान जाने कारण जलवायुमा आएको परिवर्तन र यसबाट हुन सक्ने आम विनाशकारी क्षति तर्फ उनीहरु त्यति संवेदनशील हुन नसकेको कुरा जोडदाररुपमा सम्मेलनको अवशरमा उठाइने पनि जनाइएको छ । जलवायुमा आएको परिवर्तनको कारण पृथ्विको पर्यावरण जोखिममा पर्दै गएको कुरालाई विश्वब्यापीरुपमानै जोडले उठाउन र त्यो जोखिमलाई शुन्यमा झार्न कुनै एक देशको सरकारको प्रयासले मात्र संभव नहुने हुंदा सर्बमान्य नेतृत्वको आवश्यकता पर्ने जस्ले सरकारी र निजी क्षेत्र दुवैलाई विश्वब्यापी रुपमानै परिचालन गरी सहकार्यको माध्यमद्धारा उद्योग, प्रविधि, उपभोक्ताको बस्तु र सेवाको उपभोगको ढाचामै परिवर्तन गरी पृथ्वीको तात्ने क्रमलाई १ दशमलव ५ डिग्री मानै सिमित गर्न नया वातावरण मैत्री अर्थतन्त्र, उर्जा आयोगको अध्ययन र प्रतिवेदनहरुलाई लागु गरी नया रोजगारका अवशर र वातावरण मैत्री उत्पादनमा जोड दिन सके नया पुस्ताहरुको भविष्य सुरक्षित हुने कुराहरु सम्मेलनको अवशरमा अघि सार्ने बताइएको छ । त्यस्को लागि मौजुदा जलवायु परिवर्तनका ज्ञाता विशेषज्ञ मानिएका प्रमुख कार्यकारीहरुको संजाल उपयुक्त विकल्प हुने जस्ले सन २०१५ देखि विश्वब्यापीरुपमा कार्वनको उत्सर्जनमा ९ प्रतिशतले कमि ल्याएको र सो वापत १५ खरव डलर राजश्व उठाउन सकेको जस्तो सफलताका उदाहरणहरु सम्मेलनमा पेश हुने जानकारी दिइएको छ र यही संजाललाई अझ ब्यापकरुपमा काम गर्न दिएमा मात्रै आगामी १२ वर्ष भित्र आउने डरलाग्दो वातावरणीय क्षतिलाई सफलताका साथ रोक्न सकिने र त्यस्को लागि सूचना प्रविधिको प्रयोगमा ब्यापक सुधार गरी अनुगमनलाई चुस्त र पारदर्शि वनाई जलवायु परिवर्तन सम्वन्धी पेरिश संझौताका शर्तहरुलाई सबै देशका सरकारहरुले प्रभावकारी ढंगबाट पालन गर्नुपर्ने जस्ता सुझावहरु सम्मेलनको क्रममा आउने बताइएको छ । यही विश्व आर्थिक मंचले संयुक्त राष्ट्रसंघका महासचिवले आब्हान गरे वमोजिमको जलवायु परिवर्तन संवन्धी विश्व सम्मेलन आउदो सेप्टेम्वर महिनामा आयोजना गर्न सहयोग र समर्थन गर्ने कुरा जनाएको छ ।

अर्कोतर्फ विश्वको आधा आकाशका रुपमा रहेका महिलाहरुलाई शशक्त नवनाएसम्म र पृथ्विबाट गरिवी उन्मुलन नभएसम्म जलवायु परिवर्तनका असरलाई कम गर्छु भनेर आक्न नसकिने भन्दै जसरी केन्यामा आम सौर्य उर्जाको विकाश, र मोवाइल बैंकिगको माध्यमबाट महिलाहरुमा रहेको गरिवीलाई महत्वपूर्ण तरिकाबाट संवोधन गर्न सकिएको छ त्यसलाई एसिया र अफ्रिकाका सबै गरिव राष्टहरुमा पुराउनु पर्ने यथार्थलाई सम्मेलनले अंगिकार गर्ने विश्वास लिइएको छ । त्यसो गर्न सकिएमा मात्रै चौथौं औद्योगिक क्रान्तीले बातावरण मैत्री उत्पादकत्व, आय, कामदारको लागि अझै वढी फुर्सत, महिलाहरुलाई ज्याला विनानै गर्नु पर्ने कामबाट मुक्ति र कार्वन रहित अर्थतन्त्रको विकाश जस्ता चुनौतिहरुको सामना गर्न सक्ने वनाउने अपेक्षा गरिएको छ । यस्को लागि भूमण्डलीकरणको नया ढांचा र दृस्टिकोण आवश्यक पर्ने दावी गरिएको छ । यहि कुरालाई मध्यजनरमा राखी डाभोसको यस विश्व आर्थिक मंचले भूमण्डलीकरण चार दशमलव शून्य **(Globalization 4.0)** भन्ने आफनो नारा तय गरेको छ । विगत ४० वर्षको विकाशको अनुभव हेर्दा हरेक देशले कूल ग्राहस्थ उत्पादनमा जोड दिएको, ब्यपार ब्यवशायलाई निरुत्साहित गर्ने अनावश्यक नियम कानूनको खारेजी गरेको, पूजी प्रवाहमा खुकुलोपन, संस्थागत करमा कटौति र श्रम वजारको उदारीकरण गरेको आदि जस्ता नवउदारवादी कुराहरुले सर्बसाधारण जनताका समस्याहरुलाई संवोधन गर्न नसकेकै कारण राजनीतिले स्थायीत्व लिन नसकी जनक्रोध मात्रै वढाएको परिप्रेक्ष्यमा **(Globalization 4.0)** भन्ने नया नाराले नवउदारवादलाई सहि गोरटोमा डोराउन सक्छ भनिएको छ । तर यो कुरालाई डाभोसमा एकत्रित भएका सरकारी र ब्यापारिक नेताहरुले कति बुझेका छन त भन्ने प्रश्न पनि उत्तिकै रुपमा तेर्सिएको छ । उनीहरुले जहिलेसम्म यो कुरा भित्रैबाट वुझदैनन तव सम्म भूमण्डलीकरणले असमानता र असन्तुष्टहरुको संख्यालाई झनै वढाउन सक्ने त्रास पैदा गरेको बताउछन् । अहिले विश्वको एक प्रतिशत मान्छेको हातमा विश्वको ८२ प्रतिशत सम्पती रहेको तथ्य सामु नवउदारवाद नांगेझार भएको र सन २०३० सम्ममा विश्वबाट गरिवी उन्मुलन गराउन सकिदैन भनेर ठोकुवा गरेको अवस्था छ । अफ्रिकाको सवसाहरा क्षेत्रमा देखिएको झण्डै भुखमरीको अवस्था, विश्वका आधा भन्दा वढी जनताले अतिआवश्यक औषधि समेत खान नपाइ मर्नु परेको अवस्था अनि झन त्यसमाथि खडेरी र अतिवृष्टिको कारण वाली नाली नाश भएको अवस्थालाई हेर्ने हो भने नवउदारवादको पुनरपरिभाषा हुनु पर्ने कुरामा सम्मेलन केन्द्रित हुनु पर्ने बताइएको छ । यही पृथ्वि भित्र एकातर्फ खरवपतिहरुले नवउदारवादको भविष्यको खाका कोर्न ब्यस्त छन भने अर्को तर्फ दक्षिण र दक्षिण पूर्व एसियाली गरिव देशका मजदुरहरुलाई न्युनतम ज्याला समेत कमाउन नसक्ने अवस्था रहेको छ । विकसित देशको एक प्रमुख कार्यकारीले एक वर्षमा वुझने तलव कमाउन गरिव देशका श्रमजिविहरुलाई ५ हजार वर्ष लाग्ने तथ्यांकहरु सार्वजनिक भइरहदा अनि वातावरण विनाश गर्ने जलविद्युत आयोजनाको विरोध गरेकै कारण मारिनु परेको होण्डुरसका स्थानीय अधिकारकर्मिको दशा देख्नु पर्दा अनि झन त्यसमाथि निजी विद्यालयको चर्को शुल्क तिर्न नसकी गरिवबाट झन गरिव हुन पुगेका परिवारको अवस्था आकलन गर्दा के डाभोसको सम्मेलन सम्मेलनमा मात्रै सिमिति हुने त होइन भन्ने शंका पनि उठिरहेको छ । अन्तराष्ट्रिय मुद्राकोषको अध्ययनले अर्को तर्फ के पनि भनिरहेको छ भने भूमण्डलीकरणले आर्थिक समानता ल्याउन पर्नेमा झन असमानता वढाएको, गरिव राष्टहरुको ब्यपारघाटा झनै चुलिएको र यसैको कारण पृथ्विको श्रोतमाथिको शोषणपूर्ण दोहन झनै वढेको र यही कारण पर्यावरण विनाश हुदै गएको कुरा उल्लेख छ । यस परिप्रेक्ष्यमा के **(Globalization 4.0)** ले नवउदारवादको नया खाका प्रस्तुत गर्न सक्ला त भन्ने प्रश्नको जवाफ डाभोसमा एकत्रित भएका राजनीतिक र ब्यापरिक नेताहरुले खोज्नु पर्दछ अन्यथा यो सम्मेलनले गरिव र पिडित राष्टहरुलाई केहि दिन नसक्ने पर्यवेक्षकहरु बताउछन् । अव वित्तिय, ब्यापारिक, न्यूनतम ज्याला संवन्धित र कर संवन्धी परंपरागत धारणाहरुलाई पुनरलेखन गरिनु पर्ने पर्यवेक्षकहरुको सुझाव रहेको छ । यी चुनौतिहरुलाई वहुआयामिक ढंगबाट सामना गर्नु पर्ने, अन्तराष्टिय विकाश र सहयोगको कुटनीति प्रजातान्त्रिक, महिला मैत्री र गरिवी उन्मुलनमा केन्द्रित हुनु पर्ने, राजनीतिक नेताहरुमा दक्षिण कोरियाली राष्टपति मुन जे यिनले लागु गरे जस्तो समावेशी कर प्रणाली, उच्च दरको न्यूनतम ज्यालाको ब्यवस्था गर्ने क्षमता हुनु पर्ने, न्यूजिलैण्डको प्रधानमंत्री जेसिण्डा आर्डेनेले जस्तो सरकारको सफलतालाई लोककल्याणकारी कार्यको कसीमा हेर्ने अनि क्यानडाको प्रधानमंत्री जस्टिन पियर ट्रुडोले जस्तो महिला मैत्री विकाश नीति अवलम्वन गर्ने हुनुपर्दछ भन्दछन उनीहरु । माथि उल्लेख गरिएका यी नेताहरुले भूमण्डलीकरण यसरि पनि आफ्नो देशमा लागु गर्न सकिन्छ र त्यसको फाइदा सबै तप्का र वर्गका जनतालाई दिन सकिन्छ भनेर उदाहरण प्रस्तुत गरेको अवस्थामा अरु देशका नेताहरुले उनीहरुको सफलताबाट सिकेमा पुनर परिभाषित नवउदारवादले **(Globalization 4.0)** को नारालाई यथार्थमा परिणत गरी पृथ्विको पर्यावरणलाई दीर्घजिवि वनाउदै वर्गिय विभेदको अन्त्य भई गरिवी, वेरोजगारी अनि निरक्षरता निमूर्ल गर्न सक्तछ भन्ने उनीहरुको ठोकुवा रहेको छ ।

**सन्दर्भ : विश्व आर्थिक मंच बैठक**






### सम्मेलनबाट नेपाललाई के फाइदा ?

कार्वन उत्सर्जन नगरेको कारण नेपालले वार्षिक रुपमा ४।५ अरव रुपैयाको कमाइ गरिरहेको छ । अर्को तर्फ वढदै गएको पृथ्विको तापक्रमको कारण हिमालमा हिउ पर्ने तर लामो समयसम्म नरही तुरन्त पग्लने कारण पानी पर्दा वाढी पहिरोको चपेटा र पानी नपर्दा भिमकाय नदिहरु सुक्न गइ हिमाल पहाड तराइमा क्रमस मरुभूमीकरण वढदै गइरहेछ । यसैकारण हिजो चामल निर्यात गर्ने नेपाल चामल आयात गरी खानुपर्ने जस्तो नियति भोग्नु परेको कारण नेपालको ब्यपार घाटाको अनुपात झण्डै १:१५ रहेको छ । भनाइको मतलव नेपालले एक डलर वरावरको वस्तु निर्यात गर्दा १५ डलर वरावरको वस्तु आयात गरीरहेको छ । आयात धान्ने विदेशी मुद्राको संचिति ११ महिनाबाट ८ महिनामा झर्नुले शोधनान्तरघाटाको स्थिति उब्जाएको छ । यो क्रम वढदै जाने हो भने नेपाल आर्थिक रुपमा टाट पल्टने निश्चित छ । देशमा आएको राजनीतिक परिवर्तनहरुले जनताको जनजिविकामा सकारात्मक प्रभाव छोडन असफल भएको, गरिवी वढदै गएको, वेरोजगारिताको कारण शिक्षित र अशिक्षित दुवै किसिमका युवा युवतिहरु देशबाट पलायन भइरहेको तर त्यस्को ठीक विपरित भ्रष्टाचार मौलाई राजनीतिक नेताहरु नव धनाढ्य अनि जनता र देशको पिरमर्का वुझन असफल भिडमा परिणत भएका छन् । वलत्कार, महिला माथिको हिंशा, वालश्रमको चरम स्थिति, अपुग न्यूनतम ज्यालाको अवस्था हेर्दा देश अझै मध्यकालीन अवस्थामा रहेको, शिक्षा अनि जनश्वास्थ्यको क्षेत्रमा भएको ब्यापारीकरणको कारण प्रजातान्त्रिक ब्यवस्था सामाजिक विकाश गर्न असफल रहेको अवस्था छ ।

चुरेको दोहन, सबै गाउपालीकामा मोटरबाटो पुराउने नाममा गरिएको डोजर आतंक, द्रुत मार्ग अनि दोश्रो अन्तर्राष्ट्रिय विमानस्थलको नाममा भएको प्राकृतिक वन जगल कटानी अनि त्यहा रहेका पशु पंन्छीको वासस्थानको विचल्ली, पर्वतारोहण र ट्रेकिंगको नाममा जन्मीएका फोहरका डुंगुरका नया पहाडहरु, शहरीकरणको नाममा प्रदुषित हुन पुगेका नदिहरु आदिको कारण नेपालको पर्यावरण दिन पर दिन जोखिमपूर्ण हुंदै गइरहेको छ ।

हरेक दशकमा नया आन्दोलन हुने तर त्यसले राजनेता नजन्माउने वल्कि नया भ्रष्टाचारी अनुहारमात्र थप्ने धमिजा, लाउडा अनि वाइडवडी जस्ता काण्डहरु घट्ने विडम्वना भोगीरहेको नेपाल र यसका नेताहरुले डाभोस सम्मेलनबाट के नै कुरा सिक्लान र ? सिके भने पनि एउटा कानले सुनेर अर्को कानले उडाउने मात्रै हो । माधव नेपाल प्रधानमंत्री हुंदा पर्यावरण विनाश प्रति सरकार संवेदनशील छ भनी देखाइ टोपल्न काला पत्थर ठूलो धनराशी खर्च मंत्रीमण्डलका बैठकनै गराएका थिए । बैठक पछि पर्यावरण विनाश रोक्न सरकारले के गऱ्यो त भन्ने कुरा आजसम्म सुन्न पाइएको छैन । अहिले प्रधानमंत्री ओली यस सम्मेलनमा सहभागी भएका छन उन्ले त्यहाबाट ल्याउने भनेको नया उखान टुक्का, नया आश्वाशन र नया जोक्स बाहेक अरु के नै हुन सक्ला र ?

# मैले देखेको असिऔं विश्व सम्पदा:
# माइन्च्जको क्याथेड्रल


सुरेन्द्र ढकाल



बाहिरबाट हेर्दा माइन्च्जको क्याथेड्रल यस्तो देखिन्छ




क्याथेड्रलभित्रका चिहानहरू



क्याथेड्रलभित्रको गोथिक शैलीको कलात्मक सिसाको झ्याल



क्याथेड्रलभित्रको धनुषकार कलात्मक दलिन



क्याथेड्रलको भित्रपट्टि यमनको मित्र कासिमसँग सुरेन्द्र सन् १९८९ मा



क्याथेड्रलको चोकमा रहेको सेन्ट बोनिफेस्को मूर्ति



क्याथेड्रलको मुख्य प्रार्थना कक्ष (नेभ)

लक्जेमवर्गको पेट्रुस किल्ला अवलोकन गरी जर्मनीको स्पायर फर्केसंगै मेरो १५ दिने उत्तर पश्चिम यूरोपको यात्रा सम्पन्न भएको थियो । अगष्ट १, १९८९ बाट आफनो तेस्रो सेमेष्टर शुरु भयो र म अध्ययनमा तल्लिन भए । हामी एसिया, अफ्रिका र दक्षिण अमेरिकाका विद्यार्थीहरु अन्तर्राष्ट्रिय विकासको लागि जर्मन फाउण्डेसनको छात्रवृत्तिमा प्रशासनिक विज्ञानमा स्नातकोत्तर अध्ययन गर्न जर्मनी स्पायर स्थित जर्मन प्रशासनिक विश्वविद्यालयमा एकत्रित थियौ । विदेशी विद्यार्थीहरु भएको कारण फाउण्डेसनले यदाकदा हामीलाई विश्वविद्यालय नजिकैको ऐतिहासिक महत्वको दर्शनीय स्थल घुमाउन लैजान्थ्यो । त्यसै क्रममा अगष्ट महिनाको पहिलो शनिबार हामीलाई जर्मनको संघीय प्रदेश राइनलाण्ड फाल्च्जको सदरमुकाम माइन्च्जमा रहेको क्याथेड्रल र त्यहाँ भएको विश्वकै प्रथम छापाखाना गुटेनवर्ग म्युजियम देखाउन लगियो । स्पाएरमा ब्रेकफाष्ट सकी करिब ९ बजेतिर ठूलो वातानुकुलित बसले हामीलाई माइन्च्जतर्फ लग्यो करिब १० :३० बजे हामी माइन्च्ज पुगिसकेका थियौं ।


**माइन्च्जको क्याथेड्रल**

यो क्याथेड्रललाई सेन्ट मार्टिन क्याथेड्रल भनिदो रहेछ । यो माइन्च्ज शहरको मुटुको पैदलयात्री बजार क्षेत्रमा अवस्थित रहेछ । त्यहाँ मोटर, मोटर साइकल निषेध रहेछ । यो एक विशप रहेको १ हजार वर्ष पुरानो रोमन क्याथोलिक चर्च भए तापनि शताब्दि बित्दै जाँदा यहाँ विभिन्न वास्तुशैलीका मठमन्दिरहरु जोडिँदै गएका रहेछन् । यो एक चर्चभित्रै तीन विशाल प्रार्थना कक्ष (नेभ) रहेछ । जुन सेन्ट मार्टिन र सेन्ट स्टेफानको नाममा समर्पित रहेछ । चर्चभित्र चिहान अनि सामन्त र राजघरानाको व्यक्तिहरुको समाधिस्थल पनि रहेछ । चर्चको विशाल चोकमा सेन्ट वोनिफाचे र मादोन्नाका मूर्तिहरु रहेछन् । चर्चको अर्को आकर्षण भनेको एक हजार वर्षमा सिर्जना गरिएका धार्मिक कलाकारिताको प्रस्तुति पनि रहेछ । सन ९७५ देखि १०११ सम्ममा नै माइन्च्ज शहर आर्थिक समृद्धिको पराकाष्ठामा पुगेको रहेछ । त्यही वेला भिलिगिस सम्राट बनेका रहेछन् र उनैले प्रागरोमानी अत्तोनियन शैलीमा यो क्याथेड्रल निर्माण गर्न लगाएका रहेछन् । यसै कारण माइन्च्जलाई दोस्रो रोम पनि भनिदो रहेछ । प्रार्थना कक्ष माथिको दलिन (भल्ट) हरु इन्द्रधनुषाकारमा कलात्मक पाराले बनाइएका रहेछन् । यी भल्टहरुलाई ६ वटा टावर जस्ता देखिने स्तम्भहरुले थेगेका रहेछन् । हेनरी चौथौं राजा हुँदा एघारौं शताब्दिमा यसलाई पुनः सिंगारिएको रहेछ । अचम्मको कुरा के रहेछ भने सन १००९ मा यो क्याथेड्रलको निर्माण सकी उद्घाटन गर्ने दिनमा नै आगलागि हुन गई राम्रै क्षति पुगेको रहेछ । क्याथेड्रलको सेन्ट स्टेफान कक्षमा सन १०११ सम्राट भिलिगसको चिहान राखिएको रहेछ । प्रार्थना कक्ष एक छेव (चान्सेल) को पूर्वी भाग सर्वसाधारण जनता बस्नको लागि र पश्चिमी भाग विशप र अन्य पादरीहरुको लागि तोकिएको रहेछ । यही पश्चिमी चान्सेल भने पुरै रोमको भेटिकन चर्चको जस्तै बनाइएको रहेछ । त्यतिखेर जर्मनीमा भएको तीन विशाल सम्राट क्याथेड्रलमध्येको पहिलो यो क्योथड्रल दोस्रो भोर्म्स्को र तेस्रो स्पायरको क्याथेड्रल पर्दा रहेछन् । सन १११० र ११३७ विचको वर्षहरुमा जारव्रुकनका आर्कविशप आडाल्ब्रेटले यहाँ दुई तले गजुर बनाउन लगाएका रहेछन् । पछि १२औं शताब्दिमा गएर मुख्य प्रार्थनाकक्षलाई सिंगार्ने काम भएको रहेछ । पछि रोमन सभ्यताको पतनसंगै यस क्याथेड्रलमा गोथिक र बारोक शैलीका अतिरिक्त मठहरु थप्ने कार्य गरिएको रहेछ । चर्चभित्रको गोथिक शैलीको कलात्मक शिशाको झ्याल अवलोकन गर्नुपर्ने अर्को महत्वको विषय रहेछ । सन १२७९ मानै जडान गरिएकमा यी कलात्मक शिशाका झ्यालहरु क्याथेड्रलको गोथिक शैलीका गजुरको मुनी माडेर्न गेर्टहेनरप्रति समर्पित रहेछन् जस्ले क्याथेड्रलको पश्चिमी खण्डको मुख्य प्रवेश हलमाथि स्मारक गजुर (मेमोरियल सापेल) बनाएका रहेछन् । करिब एक घन्टा जति क्याथेड्रलभित्र बसी अवलोकन गरी करिब १२ बजेतिर हामी त्यहाँबाट निस्की दिनको खाना खान स्थानीय भोजनालयतर्फ लाग्यौं ।

सुनिश्चित महिला
तथा बाल अधिकार
सुसम्पन्न नेपालको
पूर्वाधार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# म किन राजनीतिमा लागेँ ? कसरी लागेँ र कहिलेदेखि लागेँ ?




■ शम्भुराम श्रेष्ठ

राणा शासनको अन्तिम दशकको पहिलो र दोस्रो वर्षको अर्थात् वि.सं. १९९७-९८ तिरको कुरा हो । नेपालमा राणाहरुको फौजी शासन चलिरहेको थियो र हालका भारत, पाकिस्तान, बंगलादेश र श्रीलंका आदि मुलुकहरु समाहित दक्षिण एसियाली उपमहाद्वीपमा औपनिवेशिक राज गरिरहेको अंग्रेज साम्राज्यवादले सन् १८१४ मा एक्कासी नेपालमाथि लाखौंको सेनाले आक्रमण गरेबाट सुरु भएको नेपाल र ब्रिटिस भारतबीचको युद्धको परिणामस्वरुप सन् १८१६ मा सुगौली सन्धि भएदेखि सुतेको नेपाल मस्त निद्रामै थियो र ब्युँझिसकेको थिएन । राणाहरु सिंगो नेपाललाई आफ्नो निजी बिर्ता ठान्थे र नेपाली जनतालाई रैती सरह व्यवहार गर्थे । नेपाली जनतालाई राजनीतिक अधिकार हरुबाट मात्रै होइन, सामान्य नागरिक अधिकारहरुबाट समेत वञ्चित गरिएका थिए- यहाँसम्म कि युवा दम्पत्तिहरु सँगसँगै साँझ बिहान टुँडिखेलमा टहल्न समेत पाउँदैनथे । त्यस समय सम्पूर्ण नेपालमै दुइटा मात्र हाइस्कुलहरु रानीपोखरी छेउको दरबार हाइस्कुल र पाटन हाइस्कुल थिए भने एउटा मात्र उच्च शिक्षालय थियो त्रिचन्द्र कलेज । यसबाट राणाहरु कहाँसम्म शिक्षा विरोधी थिए भन्ने कुरा प्रस्ट हुन्छ । त्यस समय नेपालमा एउटा मात्र अखबार थियो- सरकारी अखबार 'गोरखापत्र' । राणा शासनका उच्च भारदारहरुले बाहेक अरु कसैले आफ्नो घरमा रेडियो राख्न र बेच्न र पढ्न सख्त मनाही थियो । सारा काठमाडौं उपत्यकामै राणा शासक मण्डलीको मुख्य फौजी ताकत र हातहतियारहरु केन्द्रित भएको कारणले नै होला काठमाडौं उपत्यकाबाट बाहिर जिल्लाहरुमा जान र जिल्लाहरुबाट उपत्यकामा आउनलाई पनि नेपाली जनताले राहदानी (पासपोर्ट) लिन अनिवार्य गराइएको थियो । यसबाहेक काठमाडौं उपत्यकाका तीनवटै सहरहरु, काठमाडौं, पाटन र भक्तपुरमा बाह्रै महिना राति ९ बजेदेखि बिहान ५ बजेसम्म कफ्र्यु लगाइएको हुन्थ्यो । त्यस अवधिभरमा कोही पनि घरबाट बाहिर निस्कन पाउँदैनथ्यो । यसबाट बाहिरबाट हेर्दा राणा शासक मण्डली जतिसुकै शक्तिशाली देखिए तापनि भित्रभित्रै सँधै कसैले केही गर्छ कि भनेर विल्कुलै त्रस्त र भयभीत हुँदा रहेछन् भन्ने जाहेर हुन्छ । जनसमर्थन नभएका र षड्यन्त्रबाट सत्ता हत्याउनेहरुको मानसिक अवस्था यस्तै हुने गरेको हुन्छ । त्यस समय कतैबाट र कसैबाट राणा शासनको विरोधमा चुँ आवाज निस्किएको सुनिदैन्थ्यो । तर पनि देशमा सर्वत्र वातावरण एकदमै उकुसमुकुस र गुम्सिएको थियो । जो वास्तवमा पहिले कहिल्यै नसुनिएको नसोचिएको कुनै उथलपुथल हुने घटनाको संकेत थियो । नभन्दै वि.सं. १९९७ को प्रारम्भतिरै (खास महिना र तिथि याद भएन) देशमा राजनीतिक उथलपुथल ल्याउने पहिले घटना घट्न गयो । उक्त घटना बारेको संक्षिप्त विवरण तल दिइएको छ ।

दिउँसो ३-४ बजेको होला । राजधानी काठमाडौंको प्रख्यात व्यापार केन्द्र इन्द्रचोकस्थित ढुंगे शिव मन्दिरको अलि फराकिलो पेटीमा अमर सहिद शुक्रराज शास्त्री अध्यक्ष रहनुभएको भूमिगत संगठन अर्थात् 'नेपाली नागरिक अधिकार समिति' को तत्वावधानमा श्रीमद्भागवत गीताको कर्मयोगबारे विवेचनात्मक प्रवचन कार्यक्रमको आयोजना गरिएको थियो । त्यस कार्यक्रमको प्रमुख वक्ता शुक्रराज शास्त्री स्वयं हुनुहुन्थ्यो र व्यवस्था भएअनुसार अर्को वक्ता हुनुहुन्थ्यो कवि केदारमान व्यथित । शास्त्रीजीले कर्मयोगको व्याख्या गर्नु हुँदै भन्नुभयो- 'कर्मयोगको मर्म अर्थात् गुह्य अर्थ के हो भने मानिसहरुले आफूहरुमाथि हुने गरेको अन्याय र अत्याचारहरुलाई चुपचाप सहेर बस्न हुँदैन र आफ्नो शक्तिले भ्याएसम्म तिनीहरुको डटेर विरोध गर्नुपर्छ र त्यसको साथसाथै आफ्नो हक एवं हितहरुको प्राप्तिका लागि सबै मिलेर सशक्त संघर्ष गर्नुपर्छ । उहाँले घुमाउरो पाराले राणाहरुको हुकुमी शासनको विरुद्ध श्रमजीवी जनसमुदायहरुलाई राजनीतिक जागरण फैलाउनका साथसाथै संयुक्त रुपले संघर्ष छेड्न आवश्यकतामा जोड दिनुभयो । उहाँको सशक्त र सारगर्भित भाषण उपस्थित स्रोताहरुले मन्त्रमुग्ध भएर सुने र बीचबीचमा तालीको गडगडाहटद्वारा समर्थन गरे । उहाँको भाषणले स्रोताहरुमा ठूलो प्रभाव पारेको थियो । पूरै इन्द्रचोक बजार हजारौं स्रोताहरुले टम्म भरिएको थियो र तील राख्ने ठाउँसम्म पनि खाली थिएन । स्रोताहरुको भीडमा प्रहरीहरु र तिनका अधिकृतहरु पनि थुप्रै थिए । तिनीहरु विल्कुलै किंकर्तव्यविमुढ थिए किनकि नेपालमा त्यो आफ्नो खालको पहिलो आमसभा थियो । त्यही कारणले घण्टौंसम्म सो कार्यक्रम चलिरहे तापनि प्रहरीहरुको तर्फबाट कुनै अवरोध खडा गरिएन । व्यवस्था गरिए मुताविक प्रवचन अथवा भाषण दिनुभएन- बडो अनौठो कुरा थियो । उहाँले एकम बिडा पान हातमा लिएर स्रोताहरुलाई सो पान देखाउँदै र उहाँहरुलाई नै हाँक दिँदै भन्नुभयो- 'यहाँ कोही माईका लाल छ ? छ भने यहाँ मञ्चमा आएर मेरो हातको पान चपाउँदै यस सभामा उपस्थित जनसमुदायहरुलाई सम्बोधन गर्दै देशको वर्तमान राजनीतिक स्थितिबारे आफ्नो विचार राखिदिनुहोला । छ, कोही यहाँ त्यस्तो माइकालाल उपस्थित हुनुभएको ?' सहिद गंगालाल पनि स्रोताहरुकै माझ हुनुहुँदोरहेछ । कवि केदारमानको उक्त हाँकलाई स्वीकार गर्दै उहाँ मञ्चमा उक्लिनुभयो । आमाको बर्खी बारिरहेको हुनाले उहाँले चलनअनुसार सेतो कमिज सुरुवाल र सेतै कोट लगाइरहनु भएको थियो । बर्खी बारेको बेलामा पान खान हुने भए तापनि कवि व्यथितको हाँकले गर्दा उहाँले सो पानको बिडा लिएर खाँदै उपस्थित जनसमुदायहरुलाई जोशिलो एवं उत्तेजनात्मक भाषण गर्नुभयो । शुक्रराज शास्त्रीजीले घुमाउरो पाराले जहाँनिया राणा शासनको विरोधमा बोल्नुभयो भने गंगालालजीले राणा शासनको ठाडै विरोध गर्दै त्यसको विरुद्ध र प्रजातन्त्रको निम्ति तमाम नेपाली जनता एकजुट भएर संघर्षमा लागिपर्न आग्रह गर्नुभयो । उहाँको भाषण पूर्णत ओजपूर्ण प्रभावशाली र मान्छेको लासलाई पनि जुर्मुराउने खालको थियो । उहाँको त्यही इन्द्रचोकमा दिएको भाषण नै अन्ततः उहाँलाई सहादत प्राप्त गराउने वास्तविक मूल कारण बन्न गयो । किन ? त्यसो हुनाको कारण ? नियम कानुन अनुसार उहाँकै समकक्षका अर्थात् एकै दिन एकै साथ नेपाल प्रजापरिषद्मा सामेल हुने गणेशमान सिंह र हरिकृष्ण श्रेष्ठलाई १८-१८ वर्षको जेल सजाय दिने र उहाँलाई मात्रै ज्यान सजाय दिने के यो ज्यादती होइन ? उहाँलाई मात्रै ज्यान सजाय दिनुको खास कारण के हो त ? खास कारण के थियो भने गंगालालजीलाई राणा शासक मण्डलीले पछि ठूलो खतरा ल्याउन सक्ने ठम्याएका थिए ।

इन्द्रचोकको उक्त प्रवचन भाषण भएको भोलिपल्ट नै शुक्रराज शास्त्रीलाई काठमाडौं बांगेमुढास्थित उहाँकै घरबाट पक्राउ गरी लगियो र उहाँको मुद्दा हेर्न गठित इजलासले माथि उल्लेखित प्रवचन भाषण दिए । बापत उहाँलाई दुई वर्ष कैद सजाय सुनायो । त्यसपछि सेन्ट्रल जेल चलान गरियो । गंगालालको नाममा वारेन्ट जारी गरियो तर उहाँ पक्राउमा पर्नु भएन ।

उपरोक्त घटना भएको लगत्तैपछि भने जस्तै नेपाल प्रजापरिषद्ले राणा जहाँनिया शासनको विरोध गर्दै त्यसलाई खतम गरी प्रजातन्त्र ल्याउनका लागि समस्त नेपाली जनतालाई संघर्षमा उत्रन अपिल गर्दै काठमाडौं, पाटन र भक्तपुर तीनवटै शहरहरुमा पर्चाहरु छर्‍यो । ३-४ नम्बरसम्मका पर्चाहरु के छरेको थियो नेपाल प्रजापरिषद्का सबका सब नेताहरु र कार्यकर्ताहरु गिरफ्तार गरिए, एकजना पनि बचेन । यहाँसम्म कि प्रजापरिषद् आन्दोलनसित विल्कुलै सम्बन्ध नभएको चन्द्रमान मास्के जस्ता महान कलाकार, चित्तधर जस्ता नेपाल भाषाका महाकवि, युगकवि सिद्धिचरण श्रेष्ठ र कवि केदारमान व्यथित लगायत महावीर स्कुल संस्थापकहरु एवं सञ्चालक चिनियालाल सिंह र फत्येबहादुर सिंह जस्ता शिक्षाप्रेमीहरुलाई समेत राणा शासक मण्डलीले बाँकी रोखनन् । उहाँहरुमध्ये केहीलाई ६ वर्षको र केहीलाई १२ वर्षको कैद र सिंह दाजुभाइ दुई जनालाई जन्मकैद तथा सर्वस्वहरणको सजाय दिइयो । जहाँसम्म शुक्रराज शास्त्रीलाई दिइएको सजायको सवाल छ, उहाँले इन्द्रचोकमा श्रीमद्भागवत गीताको कर्मयोगबारे प्रवचन दिएबापत आफूलाई दिइएको २ वर्ष कैद सजाय सेन्ट्रल जेलमा भोगिरहनुभएको थियो र उहाँमाथि अर्को थप आरोप पनि लगाइएको थिएन । तर प्रजापरिषद् आन्दोलनबारे मुद्दा हेर्न र निर्णय गर्न गठित इजलासले उहाँलाई ज्यान सजाय दिने फैसला गर्‍यो र फैसला गरेको केही दिनपछि नै अर्थात् वि.सं.१९९७ मा १० गते मध्यरातमा हाल नेसनल ट्रेडिङ रहेको टेकुको सडक छेउको रुखमा झुण्ड्याएर हत्या गरियो । त्यसको २ दिनपछि अर्थात् माघ १३ गतेको मध्य रातमा पशुपति जाने कालोपुलपारि सिफलको सडक छेउको रुखमा झुण्ड्याएर नेपाल प्रजापरिषद्का उपाध्यक्ष धर्मभक्त माथेमाको हत्या गरियो र माघ १६ गतेका मध्य रातमा नेपाल प्रजापरिषद्का महासचिव दशरथ चन्द र गंगालाल श्रेष्ठलाई शोभाभगवती मन्दिरनेर विष्णुमती र भद्रमतीको दोभानमा गोली ठोकेर हत्या गरियो । नेपाल प्रजापरिषद्का अध्यक्ष टंकप्रसाद आचार्य, चुडाप्रसाद शर्मा, रामहरि शर्मा, गोविन्दप्रसाद उपाध्याय बाहुन भएको कारणले उहाँहरुलाई जनै चुँडाली चारपाटे मोडेर जन्मकैदको सजाय दिएर जेल चलान गरियो । राणा शासक मण्डलीले ती चार जना अमर सहिदहरुका पार्थिव शरीरलाई नेपाली जनतालाई तर्साउने विचारले र त्यस उप्रान्त कसैले पनि जहाँनियाँ राणा शासनको विरोधमा चुँ बोल्न पनि आँट नगरोस् भन्नाको खातिर उहाँहरुलाई हत्या गरेको भोलिपल्ट दिनभर नै प्रदर्शन गरिराख्यो । तर त्यसबाट नेपाली जनतामा कुनै असर परेन, बरु उल्टै राणा शाही विरुद्ध उनीहरुमा प्रचण्ड आक्रोश मात्र पैदा हुन गयो । त्यस समय म पाटन हाइस्कुलमा ९ कक्षामा पढ्दै थिएँ । मलाई राजनीतिबारे विल्कुलै केही पनि थाहा थिएन । थाहा होस पनि कसरी ? एक त म एउटा सामान्य हाइ स्कुलमा पढ्ने केटो थिएँ र दोस्रो त्यस समय त्यस अनुकूलको स्थिति नै थिएन । तर पनि राणा शासक मण्डलीले जुन क्रुरताले र अमानवीयपनले नेपाल प्रजापरिषद्को आन्दोलनलाई दमन गर्‍यो त्यसले गर्दा ममा राणा शासनसँग त्यसको बदला लिने भावना प्रबल रुपले पैदा भयो र मैले राणा जहाँनिया शासनलाई खतम नगरी छाड्ने अठोट गरी राजनीतिमा लाग्ने निर्णय गरेँ । अनि यसको निम्ति सक्रिय रुपले काम गर्ने साथीहरु खोज्न थालेँ । त्यसपछि मैले स्कुलका सहपाठीहरुसँग कुरा चलाएँ । तर तिनीहरुले मलाई समर्थन त गरे तर सक्रिय भएर काम गर्न मानेनन् । त्यसबखत म एकदमै असमञ्जसमा परेँ, तर पनि निराश त भइन । नयाँ साथीहरु खोज्ने प्रयासमा लागेँ ।

# नरिवलका फाइदा



नरिवलको प्रयोग सामान्यतया पूजा पाठमा हुने गर्दछ । तर तपाईलाई थाहा छैन होला नरिवलको एक टुक्राले शरीरलाई कस्ता फाइदा पुर्याउँछन् । यसले शरीरको रोग प्रतिरोधी क्षमता वृद्धि गर्नुका साथै स्मरण शक्ति बढाउँछ ।

लण्डनबाट पीएचडी गरेकी भोपालकी गिताञ्जली शर्माले यसका अन्य फाइदाबारे जानकारी दिएकी छिन् । डाक्टर शर्माका अनुसार नरिवल भिटामिन, मिनरल्स, कार्बोहाइड्रेट र प्रोटिनको राम्रो स्रोत हो । गर्मीमा यसले शरीरलाई शितलता प्रदान गर्छ । काँचो नरिवलमा पानीको मात्रा पनि हुन्छ त्यसकारण शरीरलाई हाइड्रेट गर्दछ । यसले कपाल र छालालाई स्वस्थ बनाउँछ ।

यदि तपाईलाई कब्जियतको समस्या छ भने नरिवलको एउटा ठूलो टुक्रालाई खाएर सुत्नुहोस् । बिहान तपाईको पेट सफा हुन्छ । यसमा फाइबर पाइने भएकाले पेट सफा गर्दछ । जसलाई गर्मीमा नाकबाट रगत आउँछ, उनीहरुका लागि यो औषधीजस्तै हो । यसलाई मिश्रीसँग खाँदा नाकबाट रगत आउने समस्या समाधान हुन्छ ।

यदि कसैलाई बान्ता आइरहेको छ भने नरिवलको टुक्रा मुखमा राखेर केही बेरसम्म चपाउँदा रोकिन्छ ।

साथै, नरिवलमा गुड कोलेस्ट्रोल पाइन्छ जसले मुटुलाई स्वस्थ राख्न सहयोग गर्दछ ।

यो एक एन्टिबायोटिक हो, यसले हरेक प्रकारको एलर्जी हटाउन सहयोग गर्दछ ।

नरिवलको तेल राम्रो सनस्क्रिन हो । घाममा निस्कनु अघि यसलाई छालामा लगाएर निस्कनुहोस् ।

डण्डिफोरबाट राहत पाउनका लागि घिरौंलाको रसमा नरिवलको पानी मिसाएर अनुहारमा लगाउनुहोस् ।

कविता

# "आमालाई सम्झेर"

गोपीकृष्ण प्रसाईं





त्यो चुवा खोला सुसायो होला आमाको मायाले
त्यो टारको बारी मलिलो भयो कुट्मिरो छायांले
माथी छ खर्क तल छ बेंसी पारी छ गोर्जा टार
ती न्याना हातको स्पर्स मीठो सुन्दर यो चराचर!
हिँडेको तिमिले सक्रान्ती हाट्मा कल्पन्छु सम्झेर
मिथ्या यो संसार भेट्दिन कतै तिमिलाई खोजेर
त्यो नागी वर, नेवारे खोला खुवाको जङ्गल
मकै र भट्मास के दिन्थेउ तिमिले मन हुन्थ्यो मंगल !!
दुख र पिडा पहाडमा धेरै झापामा सरियो
हाङ्पाङ्गो मिठो पानीलाई सम्झी गहनै भरियो
रमाएरै बसिन ती प्यारी आमा शनिश्चरे हाटैमा
केही काल पछि ढलिगो देह मिलिगो माटैमा!!!
स्वर्गको मीठो कल्पना गरे ती अग्रज श्रष्टाले
देखेनन कतै त्यो पुनर्जन्म बिज्ञानका द्रष्टाले
तै पनि म त जपेरै बस्छु भागवत गीतालाई
हजारौं पुष्प चढाए मैले ती पुज्य मातालाई!!!
आमाको आत्मा बसेको होला बैकुण्ठ लोकैमा
ममता खोज्दै अपुरो मन डुब्छ नि शोकैमा
त्यो माई खोला त्यो अर्जुन धारा पवित्र धाममा
हृदय बाटै लाख बत्ति बले आमाको नाममा!!!

पर्यटन


# रमणीय पर्यटकीय मिलेनियम गुफा

सुन्दा अचम्म लाग्छ, शिलामा कुँदिएका दृश्यले सजिएको र चमेरै चमेराले भरिएको गुफाभित्र दुई झरना छन् । जुन हिउँदमा सुक्दैन, वर्षात्मा पनि ठूलो हुँदैन । पृथ्वी राजमार्गअन्तर्गतको तनहुँ दुलेगौँडाबाट झण्डै १५ किलोमिटर पश्चिम लागेपछि शुक्ला गण्डकी नगरपालिका वडा नं १२ स्थित रमणीय घडेरी गाउँ पुगिन्छ । गाउँको पुछारमा सादी खोला पर्दछ जसले तनहुँ र स्याङ्जा जिल्लालाई छुट्याएको छ । स्याङ्जातर्फको गाउँलाई सादीखोला गाउँ भनिन्छ ।

घरेडी गाउँको पुछारमा एउटा दुलोबाट छिरेपछि भित्र अचम्मको खुला ठाउँ भएको गुफा पुगिन्छ । गुफाभित्र दुई झरना छन् । प्रकृतिले नै कुँदेका अचम्मका टलक्क टल्किएका कला पनि त्यहाँ देखिन्छ । कहीं हात्तीको शिर, कतै देवी देवताको मूर्तिका साथै कतै देवी देवता बसेर बैठक चलाएजस्तो भान पनि हुन्छ । गुफाका भित्तामा ठूलो सङ्ख्यामा चमेरा झुण्डिएर बसेको पाइन्छ । स्थानीयवासीका अनुसार करीब १०० वर्षअघि पाखामा चरिरहेको बाख्रा एक्कासि हराएछ । बाख्रा खोज्ने क्रममा जमीनभित्रबाट बाख्रा कराएको आवाज सुनियो । स्थानीयवासीले भित्र पसेर बाख्रा त ल्याए तर त्यसबखत गुफाको महत्व नबुझ्दा यसको खासै चर्चा भने हुन सकेन ।

गुफाप्रति चासो बढेपछि सन् २००० मा विदेशी भूगर्भविद्सहितको टोलीले गुफाको थप अध्ययन अनुसन्धान गरेपछि गुफाको नाम 'मिलेनियम गुफा' राखी प्रचारप्रसार गरियो । त्यसैबखत तनहुको दुलेगौडाबाट स्याङ्जाको रामबाछा जोड्ने मिलेनियम ट्रेक शुरुआत गरिएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले बताउनुभयो ।

प्रचारसँगै स्वदेशी र विदेशी पर्यटक आउन थाले पनि भौतिक पूर्वाधार व्यवस्थापनको अभावका साथै त्यसयता देशमा जारी सशस्त्र द्वन्द्वले गुफाले अपेक्षित गति लिन नसकेको उहाँले बताउनुभयो । गुफाभित्र छिरिसकेपछि तल फराकिलो भाग देखिन्छ भने माथि साँघुरिँदै गएको पाइन्छ । तल झरिसकेपछि त्यहाँबाट दुई



वटा झरना एक साथ झरिरहेको देख्न सकिन्छ । मिलेनियम गुफा संरक्षण समितिका सचिव प्रेम गुरुङका अनुसार हिउँदमा नसुक्ने र वर्षायाममा पनि ठूलो नहुने यहाँको झरनाको पानी भूमिगतरुपमै बाहिर खोलामा निस्किने गरेको छ ।

गुफाको फेद ५० मिटर लामो र त्यति नै मिटरको उचाइमा रहेको उहाँले जानकारी दिनुभयो । भित्ताभरी झुण्डिएका चमेराका साथै गुफाभित्र ड्र्यागनको दाँत, हात्तिको शिर, देवीदेवता बैठक बसे जस्तो दृश्यलाई पर्यटकले अत्यन्त अभिरुचिका साथ अवलोकन गर्ने गरेको उहाँले जानकारी दिनुभयो । गुफा संरक्षणको प्रयास सन् २००० बाट शुरु गरिए पनि अझै अपेक्षित विकास हुन नसकेको सचिव गुरुङले जानकारी दिनुभयो । गाउँबाट गुफासम्म झर्ने स्थानमा बाटो अप्ठ्यारो भएपछि मिलेनियम ट्रेक व्यवस्थापन समितिको पहलमा ४९३ वटा सिंढी बनाइएको छ । माथिबाट तल झर्नुपर्ने भएकाले गुफा प्रवेश गर्ने प्वालबाट तल झर्नका लागि फलामको रेलिङसहितको भर्‍याङ राखिएको उहाँले जानकारी दिनुभयो ।

पृथ्वी राजमार्गको दुलेगौँडाबाट १५ किलोमिटर टाढा रहेको सो ठाउँमा जिपबाट यात्रा गर्नुपर्ने र त्यहाँ पोखरा महानगरपालिका वडा नं ३३ भरतपोखरीबाट प्युरी दोभान हुँदै पनि आउन सकिन्छ । मिलेनियम ट्रेकअन्तर्गत पर्ने यस गुफाको थप प्रचारप्रसार एवं विकास गर्ने लक्ष्यका साथ काम अघि बढाइएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका सदस्य बालकुमार गुरुङले बताउनुभयो । 'मिलेनियम ट्रेकमा पदयात्राका लागि आउने पर्यटकका लागि यो गुफा महत्वपूर्ण दर्शनीय स्थल बनेको छ', उहाँले भन्नुभयो, 'रहस्यात्मक यो गुफासहित समग्र पदयात्रा मार्गको प्रवर्द्धन र विकासमा राज्यको आँखा पुग्नु अपरिहार्य छ ।'

# यी हुन् विश्वका सैन्य शक्ति देशहरु



**विष्णु भट्टराई**








सेनालाई जुनसुकै देशले पनि आफ्नो सुरक्षाका लागि राखेको हुन्छ । तर कतिपय देशहरु आफ्नो देशको सुरक्षाका लागि मात्र होइन, विश्वभर आफ्नो प्रभूत्व कायम राख्न सेनाका लागि ठूलो धनराशि खर्चिरहेका छन् । अत्याधुनिक हतियार, सैनिक संख्या र देशको सुरक्षा बजेटलाई आधार मान्दै अन्तर्राष्ट्रिय एजेन्सीहरूले तयार गरेको विश्वका केही शक्तिशाली सेनाको सूची यस्तो छ :

**अमेरिका**

संसारको सबैभन्दा शक्तिशाली सेना अमेरिकासँग छ । यस देशका २० लाख ८३ हजार १ सयभन्दा धेरै व्यक्ति सैनिक सेवामा छन् । विश्वका धेरै देशमा अमेरिकी सेना तैनाथ छन् । सबैभन्दा अत्याधुनिक हतियार पनि अमेरिकासँग नै छ । १३ हजार ३ सय ६२ वटा अत्याधुनिक विमान छन्, जसमा १ हजार ९ सय ६२ वटा युद्धविमान छन् । ४ सय १५ वटा जहाज छन् । ५ हजार ८ सय ८४ वटा कम्ब्याट ट्यांक छन् । अमेरिकी सरकारको बजेटको सबैभन्दा ठूलो हिस्सा सैनिकका लागि खर्च हुन्छ । ६ सय ४७ बिलियन बजेट अमेरिकाले सेनाका लागि छुट्याउने गरको छ ।

**रूस**

भूगोलका हिसाबले रुस विश्वको सबैभन्दा ठूलो देश हो । सैन्य क्षमताका हिसाबले यो दोस्रो नम्बरमा पर्छ । एसिया र युरोपमा फैलिएको ठूलो भूगोलको रक्षार्थ ३५ लाखभन्दा धेरै सैनिक खटिएका छन् । यी सैनिक आफ्नो सीमाक्षेत्र मात्रै नभएर संसारका अन्य देशमा पनि परिचालित छन् । रुसी सेनासँग ३ हजार ९ सय १४ विमान छन् । त्यसमध्ये ८ सय १८ वटा युद्धविमान छन् । त्यस्तै, विपक्षीको निसाना प्रतिरोध गर्दै उनीहरूमाथि नै धावा बोल्न सक्ने २० हजार ३ सयवटा ट्यांकर छन् । जलसेनासँग ३ सय ५२ वटा जहाज छन् । जसमध्ये विमान बोक्न मिल्ने एउटा जहाज रहेको बताइएको छ । रुसले सेनाका लागि प्रतिवर्ष करिब ४७ बिलियन अमेरिकी डलर खर्च गर्ने गरेको छ ।

**बेलायत**

बेलायती सेना आफ्नो बहादुरीका लागि संसारभर प्रसिद्ध छ । सैन्य क्षमताका हिसाबले यो देश छैटौं स्थानमा आउँछ । यस देशसँग २ लाख ७९ हजारभन्दा धेरै सैनिक छन् । सेनासँग रहेका ८ सय ३२ विमानमध्ये १ सय ३ वटा युद्धविमान छन् । २ सय २७ वटा कम्ब्याट ट्यांक छन् । त्यस्तै, ७६ वटा जहाजमध्ये दुईवटाले विमान बोक्न सक्छन् । बेलायतले सेनाका लागि बर्सेनि ५० बिलियन अमेरिकी डलर खर्चिन्छ ।

**भारत**

संसारका विकसित देशहरूको दाँजोमा भारत निकै पछाडि छ । तर, जब सैन्य ताकतको कुरा आउँछ, भारतले धेरै विकसित देशहरूलाई पनि पछि छाड्छ । यस देशमा सैनिकको संख्या ४२ लाख छ । सेनासँग २ हजार १ सय ८५ विमान छन्, त्यसमध्ये ५ सय ९० वटा युद्धविमान छन् । त्यस्तै, ४ हजार ४ सय २६ वटा कम्ब्याट ट्यांक छन् । २ सय ९५ वटा जहाजमध्ये एउटाले विमान बोक्न सक्छ । भारतले वार्षिक ४७ बिलियन अमेरिकी डलर सेनाका लागि खर्चिन्छ । छिमेकी पाकिस्तान र चीनसँगको सुरक्षा सतर्कतालाई भारतले आफ्नो पहिलो प्राथमिकतामा राख्ने गरेको छ ।

**फ्रान्स**

फ्रान्ससँग ३ लाख ८८ हजारभन्दा धेरै सैनिक छन् । सेनासँग १ हजार २ सय ६२ वटा विमान छन् । त्यसमध्ये युद्धविमानको संख्या २ सय ९९ छ । ४ सय ६ वटा कम्ब्याट ट्याक छन् । १ सय १८ वटा अत्याधुनिक जहाजमध्ये ४ वटाले विमान बोक्न सक्छन् । फ्रान्सले बर्सेनि सेनाका लागि ४० बिलियन अमेरिकी डलर खर्चिन्छ ।

**चीन**

संसारको सबैभन्दा धेरै जनसंख्याको बसोवास चीनमा छ । चीनसँग २६ लाख ९३ हजार सैनिक छन् । ३ हजार ३५ वटा विमान चिनियाँ सेनासँग छ । त्यसमध्ये १ हजार १ सय २५ वटा युद्धविमान हुन् । ७ हजार ७ सय १६ वटा कम्ब्याट ट्यांक छन् । ७ सय १४ वटा जहाजमध्ये एउटा जहाजले विमान बोक्न सक्छ । चीनले सैनिकका लागि वार्षिक १ सय ५१ मिलियन बजेट खर्च गर्ने गर्छ ।

**सेनाविहीन यी देश**

फ्रान्स र स्पेनजस्ता शक्तिशाली राष्ट्रको बीचमा अवस्थित सानो देश एन्डोरासँग सेना नै छैन । यस देशको कानुनअनुसार संसद् वा अन्य विशिष्ट व्यक्तिको सुरक्षा प्रहरीले नै गर्छ । यो देशसँग रहेको स्वयंसेवी सैनिकको सानो टुकडी पनि युद्धका लागि होइन, विशेष समारोहहरूमा प्रस्तुति दिनका लागि मात्रै प्रयोगमा आउने हो । फ्रान्स र स्पेनसँग गरिएको सम्झौताअनुसार यस देशलाई आवश्यक परेमा उनीहरूले सहायता गर्नेछन् । युरोपेली राष्ट्र आइसल्यान्डले पनि आफ्नो सीमा क्षेत्रमा सैनिक राख्दैन ।

**उत्तर कोरिया १८औं स्थानमा**

कुनै समय अमेरिकाको टाउकोदुखाइ रहेको उत्तर कोरिया अहिले निःशस्त्रीकरणको बाटोमा छ । त्यसका लागि दक्षिण कोरिया र अमेरिकासँग सघन संवाद भइरहेको छ । सम्बन्ध चिसो रहेका वेला उत्तर कोरियाली सर्वोच्च नेता किम उन जोङले अमेरिकालाई नै सिध्याउने चेतावनी दिने गरेका थिए । बिजनेस इन्साइडरमा प्रकाशित रिर्पोटअनुसार सैन्य क्षमताका उत्तर कोरिया विश्वको १८औं शक्तिशाली राष्ट्र हो । यस राष्ट्रका ६४ लाख ४५ हजार नागरिक सैनिक सेवामा छन्, जुन अमेरिकी सेनाको संख्याभन्दा तीनगुणाले बढी हो ।

**दक्षिण अमेरिकामा ब्राजिल शक्तिशाली**

दक्षिण अमेरिकी राष्ट्र ब्राजिलले वार्षिक २९ दशमलव ३ बिलियन अमेरिकी डलर सेनाका लागि खर्च गर्छ । यस देशसँग १९ लाख ८७ हजार सैनिक छन् । ७ सय २३ वटा विमानमध्ये ४३ वटा युद्धविमान छन् । त्यस्तै, ४ सय ६९ वटा कम्ब्याट ट्यांक र १ सय १० वटा पानीजहाज छन् । सैन्य क्षमताका हिसाबले ब्राजिल संसारको १४औं र दक्षिण अमेरिकाको पहिलो राष्ट्र हो । दक्षिण अमेरिकी राष्ट्र ब्राजिलले वार्षिक २९ दशमलव ३ बिलियन अमेरिकी डलर सेनाका लागि खर्च गर्छ ।

*एजेन्सीको सहयोगमा*

## रोचक संसार

### एउटै फोनको मूल्य ५६ करोड

पछिल्ला वर्ष बजारमा नयाँ नयाँ प्रविधिको विकास हुँदै गएको छ । यी प्रविधिले मानिसको जीवनमा सहज बनाउँदै आएको छ । यसमध्ये मानिसका लागि फोन अनिवार्य बनेको छ ।

अहिले बजारमा नयाँ र महङ्गो फोन उत्पादनमा प्रतिस्पर्धा तिब्र भएको छ । यस क्रममा एउटै फोनको मूल्य ५६ करोड रुपैयाँ पर्छ भन्दा दुनियाँ चकित हुन्छन् । तर, विश्वमा लाखौं होइन करोडौंको मूल्य पर्ने फोन निर्माण भएका छन् । अहिले विश्वमा भएका चार महङ्गो फोन यस्ता छन् ।

**हिरा जडित आइफोन**

विश्व चर्चित कम्पनी आइफोनले निर्माण गरेको फोन विश्वकै सबैभन्दा महङ्गो फोन मानिन्छ । यस फोनको मूल्य ५६ करोड रहेको थियो । यो फोन निर्माण गर्दा ५ सय हिरा प्रयोग गरिएको थियो । यस फोनमा ३२ जिबी मेमोरी रहेको थियो ।

**सुन जडित आइफोन**

चर्चित कम्पनी आइफोनले तयार पारेको सुन जडित फोनको मूल्य २१ करोड रुपैयाँ राखिएको थियो । यो फोन स्टुअर्ट ह्यूजले डिजाइन गरेका थिए । यो फोन बनाउन सुन र केही मात्रामा हिराको प्रयोग गरिएको थियो । ३२ जिबीको मेमोरी कार्ड भएको यो फोन सन् २००९ मा बजारमा आएको थियो ।

**सुन जडित क्रिप्टो फोन**

विश्वमा निर्माण भएको महङ्गो फोनमा क्रिप्टो फोन तेस्रो स्थानमा रहेको छ । यो फोनको मूल्य करिब ९ करोड तोकिएको थियो । यस फोनमा केही मात्रामा हिरा र सुनको प्रयोग गरिएको थियो । यो फोन विन्डो सिई अपरेटिङ्ग सिस्टममा निर्माण गरिएको थियो । फोनमा मोटोरोला एमएक्सटुवान प्रोसेसर राखिएको थियो । २.२ इन्च डिस्प्ले भएको यो फोनमा ६४ एमबी इन्टनल स्टोरेज रहेको थियो । यो फोन विश्वकै सुरक्षित फोन मानिन्थ्यो ।

**भिआइपिएन कालो हिरा**

विश्वमा महङ्गो रहेका फोनहरुमा भिआइपिएन कालो हिरा चौथौं स्थानमा रहेको छ । यो फोन निर्माण गर्दा हिराको प्रयोग गरिएको थियो । यो फोनको मूल्य २.०७ करोड रहेको थियो ।

### बर्गर किन्न बिल गेट्स लाइनमा

सोसल मिडियामा अहिले एउटा तस्वीर भाइरल बनेको छ । विश्वका दोस्रो नम्बरका धनी मान्छे तथा माइक्रोसफ्ट कम्पनीका संस्थापक बिल गेट्स बर्गरको पसल बाहिर लाइनमा उभिएको तस्वीरले धेरैको ध्यान खिचेको छ । धेरै वर्षसम्म विश्वको सबैभन्दा धनी व्यक्तिको रुपमा रही दुई वर्षअघि मात्र दोश्रोमा झरेका गेट्स जब बर्गर, फ्राइज तथा कोकाकोला किन्नका लागि लाइनमा उभिए तब सबै मानिस छक्क परे । माइक्रोसफ्टका एक पूर्वकर्मचारीले उक्त फोटो शेयर गरे । अमेरिकाको सीएटलमा रहेको डिक नामको रेष्टुरेन्टको बाहिर उनी अरु ग्राहकजस्तै गरी सामान्य रुपमा लाइनमा खडा छन् । बिल गेट्सको सम्पत्ति अहिले ९६ अर्ब डलरभन्दा धेरै छ । माइक्रोसफ्टका पूर्व प्रोग्राम म्यानेजर माइक गलोसले उनको त्यो तस्वीर शेयर गर्दै लेखेका छन्- दुनियाँका धनी मानिससमेत यस्तो खाले व्यवहार देखाउँदछन् न कि ह्वाइटहाउसमा सुनको ट्वाइलेट सिटसँगै फोटो क्लिक गर्ने । उक्त पोष्टमा सयौं मानिसहरुले कमेन्ट गर्दै बिल गेट्सको प्रशंसा गरेका छन् । एकजनाले लेखेका छन्- जब तपाईं हजारौं बर्गर कम्पनी एक्लैले खरीद गर्ने सामर्थ्य राख्नुहुन्छ तर आफ्नो लागि एउटा बर्गर किन्नका लागि बर्गर कम्पनी बाहिर लाइनमा बस्नुहुन्छ ।

### भगवान रामको मुद्रा चल्ने बैंक

भारतको प्रयागराजस्थित कुम्भ मेलामा एउटा अनौठो बैंकले धेरैको ध्यान तानेको छ । उक्त बैंकमा तपाईंले चलन चल्तीका भारु दिन आवश्यक छैन । किनकि त्यहाँ भगवान रामका विशेष मुद्रा मात्र चल्दछन् । कुम्भ मेलाको सेक्टर ६ मा उक्त बैंक सञ्चालित छ । उक्त राम नाम बैंकमा कुनै एटीएम वा चेकबुक चल्दैछ । त्यहाँ भगवान रामको मुद्रा चल्दछ र ब्याजको रुपमा आत्मिक शान्ति मिल्दछ । उक्त बैंकमा आत्मिक शान्तिको खोजी गरिरहेका मानिसहरुले करीब एक शताब्दीदेखि पुस्तिकाहरुमा भगवान रामको नाम लेखेर जम्मा गराउँदछन् । २० औं शताब्दीको सुरुवातमा उक्त बैंक स्थापना गरिएको हो । अहिले बैंक संस्थापकको नाति पुस्ताले बैंक हाँकिरहेको छ । अहिले उक्त बैंकमा विभिन्न उमेर तथा धर्मका एक लाखभन्दा धेरैले खाता खोलेका छन् । राम नाम सेवा संस्थान नामक परोपकारी संस्थाको मातहतमा उक्त बैंक चलिरहेको छ । बैंकमा कुनै मौद्रिक लेनदेन हुँदैन । यसका सदस्यहरुसँग ३० पेजको एक पुस्तिका हुन्छ । जसमा १ सय ८ महलमा प्रतिदिन १ सय ८ पटक राम राम लेख्नु पर्दछ । उक्त पुस्तिका व्यक्तिको खातामा जम्मा गरिन्छ । उक्त खातामा भगवान रामचन्द्रको नाम चाहिँ रातो रङमा लेखिन्छ । किनकि त्यो प्रेमको प्रतीक हुन्छ ।

### साँढेका लागि अविवाहित

विवाह सबै मानिसका लागि जीवनमा जरुरी नहुन सक्दछ, तर यो एउटा महत्वपूर्ण हिस्सा भने हो । तर दुनियाँमा केही मानिस यस्ता हुन्छन् जो आफ्नो उद्देश्य पूरा गर्नका लागि जीवनभर अविवाहित रहन्छन् । भारतमा एकजना महिलाले साँढेको लागि जीवनभर बिहे नगर्ने अठोट लिएकी छन् । तमिलनाडुकी ती महिलाको जीवनमा एउटा साँढे यस्तो जवरजस्त प्रवेश गरेको छ कि त्यसले ती महिलालाई बिहे नगर्ने फैसला गर्न बाध्य बनाएको छ । ४८ वर्षीया सेल्भरानी नामकी ती महिला तमिलनाडुको मदुरे गाउँमा बस्दछिन् । उनको मनमा सानै उमेरदेखि नै एउटा साँढ पाल्ने सोच थियो । स्मरणरहोस् तमिलनाडुमा हुने जल्लीकट्टु नामक पर्वका बेला भीडमा साँढे दौडाइन्छ । सेल्भरानीलाई एउटा बडेमाको साँढ पालेर आफ्नो साँढेले उपाधि जितोस् भन्ने चाहना थियो । त्यहीँ चाहना पूरा गर्न उनले कहिल्यै बिहे गरिनन् र एउटा साँढ पालेर बसिन् । साँढेको देखभालका लागि उनले आफ्नो पारिवारिक सुख त्याग्ने फैसला गरेकी हुन् । उनले आफूले पालेको साँढेको नाम रामु राखेकी छिन् । उनले त्यो साँढेको हेरचाह मात्र होइन मजदुरीसमेत गरेर गुजारा गर्दै आएकी छन् । स्थानीय रुपमा हरेक वर्ष हुने जल्लीकट्टुलगायतका खेलमा रामुले पाँच वर्षदेखि लगातार उपाधि जित्दै आएको छ । उपाधि जितेपछि रामुले पुरस्कारको रुपमा घरेलु सामान, महिलाका साडी तथा सुनका सिक्कासमेत पाउने गर्दछ । बलियो साँढे रामुप्रति नलोभिने मानिस कमै छन् । धेरै मानिसले मोटो रकम अफर गरेर उनीसँग साँढे बेच्न पनि आग्रह नगरेका होइनन् । तर सेल्भरानीले रामु बेच्न अस्विकार गर्दै आएकी छन् ।

### विश्वकै ठूलो शार्क माछा

अमेरिकाको हवाई द्विपस्थित समुद्रमा विश्वकै ठूलो आकारको शार्क प्रजातिको माछा फेला परेको छ । स्थानीय गोताखोर तथा शार्क माछा संरक्षणकर्मीले उक्त भिमकाय माछा आफ्नो क्यामरामा कैद गरेका हुन् ।

उक्त माछाको लम्बाई ६ मिटर तथा तौल साढे दुई टन भएको अनुमान गरिएको छ । यो माछा आजभन्दा २० वर्षअघि शोधकर्ताहरुले फेला पारी टाँचा लगाएको माछा नै हुनसक्ने अड्कल काटिएको छ । त्यसबेला शोधकर्ताहरुले यसको नाम डीप ब्लू राखेका थिए । दुनियाको सबैभन्दा ठूलो यस शार्क माछा ५० वर्ष उमेरको भएको बताइएको छ । ओसन राम्से नामक ती संरक्षणकर्मीले उक्त शार्क माछाको भिडियो खिचेर इन्स्टाग्राममा अपलोड समेत गरेकी छिन् । भिडियोमा उनले उक्त भिमकाय माछालाई छोएको समेत देख्न सकिन्छ । उक्त शार्क माछा सम्भवतः गर्भवती रहेको हुनसक्ने उनले बताएकी छिन् ।

### १५ सय किलोको स्वर्ण मन्दिर

नेपालको पशुपतिनाथ मन्दिरमा पनि सुनको छाना रहेको छ । तर, भारतमा एउटा यस्तो मन्दिर छ जुन १५ सय किलो शुद्ध सुनबाट बनेको छ । भारतको तमिलनाडुस्थित भेल्लोर सहरस्थित लक्ष्मी नारायणी मन्दिर हजारौं किलो सुनले बनेको सुनौलो मन्दिर हो । दक्षिण भारतको यो मन्दिर झण्डै १ सय एक्कड क्षेत्रफलमा फैलिएको छ । १५ सय किलो शुद्ध सुन प्रयोग भएको यो मन्दिर बनाउनका लागि ७ वर्ष लागेको थियो यो मन्दिरमा विश्वमै सबैभन्दा धेरै सुन प्रयोग गरिएको मन्दिर हो ।

मन्दिर बनाउनका लागि ३ अर्ब भारु खर्च भएको बताइन्छ । दिन ढल्दै जाँदा जब बिजुली बालिन्छ र अँध्यारोमा जब मन्दिरमा प्रकाश ठोक्किन्छ तब यसको दृश्य पहेँलपूर हुन्छ । निकै अद्भूत देखिन्छ । सन् २००७ को अगष्ट २५ तारेखमा यो मन्दिर सर्वसाधारणका लागि खुल्ला गरिएको हो । रोचक कुरा त के भने यो मन्दिरको कलाकौशल, डिजाइन तथा निर्माण सबै हातैले गरिएको हो । सुनका पाता बनाउने र जडान गर्ने कुनै पनि कार्यमा मेसिनको प्रयोग गरिएको छैन । साथै यो मन्दिरको एक एक कलात्मक डिजाइन वैदिक मान्यतामा आधारित भएको बताइन्छ ।

*अनलाइन खबरबाट*

प्रेरक प्रसंग

## मण्डेलाको महानता



दक्षिण अफ्रिकामा गोराहरुद्वारा भेदभाव गरिएका, सताइएका र अधिकारविहीन बनाइएका कालाजातिलाई मुक्त गर्न नेल्सन मण्डेलाले रंगभेद नीतिका विरुद्ध सशस्त्र आन्दोलन सुरु गरे । अफ्रिकी राष्ट्रिय कांग्रेसका अध्यक्ष रहेका मण्डेलासँग त्यहाँको गोरा सरकार सशंकित भयो । मण्डेलालाई गिरफ्तार गऱ्यो र झन्डै तीन दशकसम्म जेलमा बन्दी बनायो । मण्डेलालाई बन्दी बनाएर आन्दोलन तुहाउने गोरा शासकको षड्यन्त्र सफल भएन । मण्डेलाकै प्रेरणाले लाखौं लाख कालाजातिहरु रंगभेदविरोधी आन्दोलनमा होमिए । आखिर गोरा शासकहरुको सत्ता नै हल्लियो । मण्डेलालाई जेलमुक्त गरियो ।

तत्कालीन राष्ट्रपति क्लार्कले मण्डेलालाई राष्ट्रपति बन्न अनुरोध गरे । जवाफमा मण्डेलाले भने- मलाई युद्धको मात्र अनुभव छ । युद्ध कसरी लड्नुपर्छ भन्ने मात्र मलाई थाहा छ । शासन सत्ता कसरी चलाउने भन्नेबारेमा त तपाई नै अनुभवी हुनुहुन्छ । मण्डेलाको महानता देखेर राष्ट्रपति क्लार्क अवाक बने । उनले भने- म तपाईंलाई सत्ता चलाउन अवश्य सहयोग गर्नेछु । म उपराष्ट्रपतिमा रहेर तपाईंलाई सहयोग गर्न चाहन्छु । मण्डेलाको त्यागले क्लार्कलाई पनि राष्ट्रपति पद त्याग गर्न प्रेरित गऱ्यो । जनताको चाहना र मागलाई सम्बोधन गर्न एक कार्यकालका लागि मात्र मण्डेला राष्ट्रपति बन्न राजी भए । राष्ट्रपति डि.क्लार्क उपराष्ट्रपति भएर दक्षिण अफ्रिकाको विकास र उन्नतिमा सहभागी भए । दक्षिण अफ्रिका अहिले समुन्नत राष्ट्र बनेको छ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
अवसर प्राप्त भए पनि हडबड गर्ने बानीले समस्या निम्त्याउन सक्छ । शुभचिन्तकहरूलाई साथमा लिएर जुट्नुहोला, काममा तत्काल धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झनेछन् । पहिलेका कमजोरी सुधार गर्ने अवसर प्राप्त हुनेछ । तत्कालको लाभ भन्दा पनि भविष्यको जग बलियो बनाउने समय छ । दिगो योजना र मिहिनेतले फाइदा दिलाउनेछ ।

### बृष
जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुर्याउँदा पछि परिनेछ । प्रतिस्पर्धीलाई कमजोर नठान्नुहोला । आफ्ना कमजोरीको फाइदा उठाउनेहरू मौकाको प्रतीक्षामा रहने हुँदा सजग रहनुहोला । चिताएका काममा बेलैमा योजना बनाएर प्रारम्भ गर्दा फाइदा हुनेछ । मिहिनेतीहरूका लागि समय उत्साहजनक रहनेछ । पराक्रमले काम सम्पादन हुनेछ ।

### मिथुन
अरूको भरपर्दा प्रभावकारी काम नहुन सक्छ । परिबन्धले समस्या निम्त्याउने हुँदा योजना गोप्य राखेर अघि बढ्नुहोला । आलोचकहरूलाई व्यवहारले समेट्ने प्रयास गर्नुहोला । मानसम्मानमा बाधा पुग्ने हुँदा विचारलाई तौलेर मात्र व्यक्त गर्नुपर्ला । मिहिनेत गर्दा नियमित काम सम्पादन हुनेछन् । अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय लाग्नेछ ।

### कर्कट
परिवेश उल्लासमय रहे पनि मनको डरले भने सताउनेछ । ठूला व्यक्तिहरूसँग मतभेद रहनेछ । तापनि बाहिर आलोचना गर्नेहरूले व्यवहारमा अवसर प्रदान गर्नेछन् । परिस्थितिवश सामान्य काममा बढी अलमल हुनेछ । आफ्ना कमजोरी बाहिरिने समय भएकाले गोपनीयतामा ध्यान पुर्याउनुहोला । अरूको मुख नताकी कर्मयोगमा लाग्दा फाइदा हुनेछ ।

### सिंह
बेसुरमा धन खर्च गर्नाले सञ्चित रकम सकिनेछ । अर्थअभावले सताउन सक्छ । अवसरका लागि दौडधुप गर्नुपर्ला । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका पाइएला । आर्थिक समस्या सुल्झाउन कर्जा लिनुपर्ला । सरसापटमा गएको रकम भने फिर्ता हुनेछ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ ।

### कन्या
व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । श्रमको उचित मूल्यांकन हुनेछ । सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । प्रतीक्षा गरिएको काम बन्नेछ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । घरमा लक्ष्मी भित्र्याउने समय छ ।

### तुला
अवसर प्राप्त भए पनि पहिलेको हरहिसाब नमिल्नाले समस्या पर्ला । ठूलो भागको मोहले समस्या निम्त्याउन सक्छ । बेसुरमा काम गर्ने बानीले चुनौती निम्त्याउन सक्छ । तापनि मिहिनेत गर्दा कार्यसिद्धिको समय छ । काम गरेर दाम कमाउने अवसर प्राप्त हुनेछ । कूटनीतिक व्यक्तिको सहयोग जुट्नेछ । धेरै आम्दानी नभए पनि चुनौती पन्छाउन सकिनेछ ।

### बृश्चिक
मेहनत परे पनि भाग्यले राम्रै अवसर दिलाउनेछ । सामाजिक काममा रुचि बढ्नेछ । आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ । अभाव हट्नुका साथै दाम, नाम र इनाम प्राप्त हुनेछ । शक्तिको धाक देखाउनेहरू स्वतः पछि पर्नेछन् । धार्मिक र सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ । रोकिएका काम पनि बन्नेछन् । सानो प्रयत्नले धेरैको भलाइ हुन सक्छ ।

### धनु
खानपानको असावधानीले स्वास्थ्यलाई हानि गर्न सक्छ । काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला । गोपनीयता बाहिरिनाले समस्या आइपर्ला । आम्दानी रोकिनाले केही योजना स्थगन हुन सक्छन् । पहिलेका समस्या दोहोरिनाले अलमल बढ्नेछ । ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ । कामको चाप भने बढ्न सक्छ ।

### मकर
प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । भौतिक साधन जुट्नाले जीवनशैलीमा परिवर्तन आउनेछ । अतिथिका रूपमा सत्कार पाइनेछ । घुमफिर तथा मनोरञ्जनको समय छ । आम्दानी बढाउने काम सुरु हुनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुन सक्छ । साथीभाइको सहयोगले थप उत्साह मिल्नेछ ।

### कुम्भ
परिस्थितिवश सानोतिनो समस्याले अल्झाउनेछ । चुनौतीपूर्ण कामको दायित्व लिनाले दुस्ख पाइनेछ । सम्भावना देखिए पनि उपलब्धि हातपार्न निकै मिहिनेत पर्नेछ । तर मिहिनेतीहरूका लागि भने समय उत्साहजनक नै रहनेछ । प्रतिस्पर्धामा विजयी भइनेछ भने ईर्ष्या गर्नेहरूले हार खानेछन् । पराक्रमद्वारा अधिकार स्थापित हुनेछ । बिग्रिएको काम दोहोऱ्याउनुपर्ला ।

### मीन
मिहिनेत गर्दा अध्ययनमा राम्रो प्रगति हुनेछ । मान्यजनको सुझाव र सन्तानको सहयोगले विशेष काम बनाउन सकिनेछ । व्यावहारिक अलमलले बाधा पुर्याए पनि लगनशीलताले सफलता दिलाउनेछ । समय लागे पनि रोकिएका काम प्रारम्भ गर्ने मौका छ । तारिफयोग्य कामले अरूको उपकार हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ ।

## प्याड प्रयोगविधि सिकाउँदै प्रियंका

काठमाडौं । मोफसलका सरकारी विद्यालयमा महिनावारी हुँदा किशोरीले भोग्नु परेका पीडालाई निराकरण गर्नेतर्फ आफू लाग्ने अभिनेत्री प्रियंका कार्कीले बताएकी छन् । यस्तो अवस्थामा स्वास्थ्यवर्द्धक प्याड प्रयोग गर्नुको सट्टा थोत्रा कपडालगायतका वस्तु प्रयोग गरेर उनीहरू संक्रमित हुने गरेकाले यो समस्या निराकरण गर्न आफू विभिन्न विद्यालय पुग्ने प्रियंकाको भनाइ छ ।

आगामी असारमा अभिनेता आयुष्मान देशराज जोशी र प्रियंका विवाह गर्दै छन् । यी दुईले सोमबार राजधानीमा एक समारोहबीच ‘आयंका फाउन्डेसन’ घोषणा गर्दै सो फाउन्डेसनबाट प्रजनन स्वास्थ्य, शिक्षालगायत विभिन्न क्षेत्रमा काम गर्ने बताए ।

फाउन्डेसनबाट यसै साता आफूले काभ्रे जिल्लाका विभिन्न सरकारी विद्यालयमा पुगेर किशोरीलाई महिनावारी हुँदा कसरी प्याडको प्रयोग गर्ने भन्नेबारे सिकाउने प्रियंकाले बताएकी छन् । सो क्रममा किशोरीहरूलाई आफूले महिनावारी हुँदा प्रयोग गर्ने स्वास्थ्यवर्द्धक प्याड बाड्ने पनि प्रियंकाले बताइन् । प्रियंका र आयुष्मानले पहिलो चरणमा आफ्नो फाउन्डेसनबाट किशोरीहरूका लागि सुरक्षित प्याडको प्रयोग कसरी गर्ने भनेर शिक्षा दिने बताए । उनीहरूले भने, ‘त्यसपछि सुत्केरी आमाहरूलाई आफ्ना शिशुको कसरी स्याहर गर्ने भनेर हामी दोस्रो चरणमा मातृशिशु स्वास्थ्यमा काम गर्ने छौं । हामीले यो अभियानमा खर्च जुटाउन देशविदेशमा विभिन्न सांस्कृतिक कार्यक्रम गर्नुका साथ आफ्नो आम्दानीको १० प्रतिशत रकम पनि यही कार्यमा खर्च गर्नेछौं ।’

विवाहपछि भोलि आफू पनि आमा बन्ने भएकाले अहिलेदेखि नै प्रजनन र स्वास्थ र मातृशिशु स्याहार सेवामा उत्रिन लागेको पनि प्रियंकाले प्रस्ट्याइन् । एक्कासी सामाजिक कार्य गर्ने योजना कहाँबाट फुऱ्यो भन्ने जिज्ञासामा उनले भनिन्, ‘हलिउड बलिउडका कलाकारहरूले र नेपालका अरू कलाकारले पनि सामाजिक कार्यमा हात हाल्दै आएका छन् । यो कलाकारहरूको दायित्वसमेत भएकाले हामीले पनि सामाजिक सेवामा समेत लाग्ने निर्णय गरेका हौं ।’ आयंका फाउन्डेसनले आफूहरूको सम्बन्धलाई अझ प्रगाढ तुल्याउने समाज परिवर्तनमा पनि भूमिका खेल्ने विश्वास यी दुईले व्यक्त गरे ।

## ‘समर लभ’ युनिट मोफसलमा

माघको २५ गतेबाट रिलिज हुन लागेको चलचित्र ‘समर लभ’को निर्माण यूनिट अहिले मोफसल दौडमा छ । चलचित्रका कलाकारदेखि निर्देशक पश्चिम नेपाल हुँदै पूर्वी नेपालको यात्रामा छन् । चलचित्रको टिमले दर्शक र मिडियासँग प्रत्यक्ष भेटघाट गर्दै चलचित्रको बारेमा जानकारी पनि दिइरहेको छ ।

नेपालगञ्जबाट सुरु भएको यात्रा तुलसीपुर, घोराही, बुटवल, चितवन, हेटौडा, धरना, दमक, विर्तामोडसम्म पुगेको थियो । चलचित्रका मुख्य कलाकार नायक आशिष पिया र नायिका रेवती क्षेत्री मंगलबार पोखरा पुग्दैछन् । चलचित्रको टिम मोफसल दौडमा रहेको समयमा यसमा समावेश ‘हेरन बाँझो मनभरी’ बोलको गीतको जिङ्गल पनि रिलिज भएको छ । पुष्पन प्रधानको संगीत तथा सुमित विश्वकर्माको स्वर रहेको गीतको भिडियोमा मुख्य कलाकार आशिष र रेवतीको खुशीका पलहरु देखाइएको छ ।

## ‘घर’ को छायांकन सुरू

हरर कथामा बन्न लागेको चलचित्र ‘घर’को छायांकन सुरु भएको छ । काठमाण्डौको बुढानिलकण्ठ मन्दिरमा सोमबार पूजा गर्दै चलचित्रको छायांकन सुरु गरिएको हो । यो चलचित्रमा अर्पण थापाको कथा तथा निर्देशन छ । चलचित्रमा अर्पणका साथमा नायिकाद्धय वेनिशा हमाल, सुरक्षा पन्त र कलाकार अस्मिता खनालको मुख्य भूमिका रहनेछ ।

शर्मिला पाण्डेको लगानीमा बन्न लागेको यो चलचित्रलाई २० दिन लगाएर खिचिनेछ । बुढानिलकण्ठ आसपासमै चलचित्र खिचिने निर्मातामध्येका एक दिपेन्द्र के खनालले जानकारी दिए । निरज कँडेलले चलचित्रको छायांकन गर्नेछन् । डीएस डिजिटलको ब्यानरमा यो चलचित्र बन्नेछ ।

## “चौका दाउ” चौपट



चलचित्र असफल भयो भने कतिसम्म विजोग तरिकाले हुन्छ भन्ने उदाहरण बनेको छ, ‘चौका दाउ’ । यो चलचित्र पौष २७ गतेबाट रिलिज भएको थियो । यो चलचित्रले काठमाडौंका हलबाट जम्मा ६ लाखको शेयर दिएको छ । चलचित्रका लागि यसका वितरक गोपालकाजी कायस्थले निर्मातालाई १६ लाख दिएका थिए । तर, चलचित्रले ६ लाख पनि मुश्किलले उठाएपछि वितरक कायस्थ बाँकी रकम निर्माताबाट कसरी लिने भन्ने धुनमा छन् ।

चलचित्रमा कलाकारको भीड थियो । तर, पुणेन्द्र झाको निर्देशनमा तयार भएको र सौर्यजित बास्कोटा र मनोजराज भण्डारीको लगानीमा तयार भएको चलचित्रले काठमाडौंबाट ६ लाख शेयर दिएको छ । काठमाडौं बाहिर पनि चलचित्रको हालत उस्तै थियो । सन्तोष पन्त, बर्षा राउत, तैयब शाह, रविन्द्र झा, विल्सन विक्रम राई लगायतका कलाकार हुँदा पनि यो चलचित्रले दयनीय व्यापार गरेको थियो ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Hortatory = जोशमा ल्याउने खालको The public speech of the political leaders should be hortatory so that the crowd listen to it with ever-growing excitement (राजनैतिक नेताको भाषण यस्तो हुनु पर्दछ जुन श्रोताहरूलाई जोशमा ल्याउन सकोस)

Ingenuous = विश्वाशिलो, छलकपट नभएको, His ingenous smile proves that he is naive (उस्को छलकपट विनाको हसाइले उ सोझो छ भन्ने कुरा प्रमाणित गर्दछ)

Lope = लामो दुरीको उफ्राईका साथ दौडनु The tiger loped off into the jungle as it noticed possible danger (संभाब्य खतराको महसुस गर्दै वाघ लामो लामो दुरीको उफ्राईका साथ दौडदै जंगल भित्र घुस्यो)

Munificient = अति दयालु Japan has been a munificient giver for the development of Nepal (जापान नेपालको विकाशकोलागि सहयोग गर्ने दयालु दाता भित्र पर्दछ)

Nicety= झिनो अन्तर, It is difficult to go into all the niceties of this events (यस घटनाको विषयमा उठेका झिना अन्तरहरू पहिल्याउन कठिन छ)

Ostensible = सोझो वा सरल Although the ostensible purpose of this expedition is to clean the mountains, the member of the expedition is equally interested in scaling the summit (यो अभियानको सोझो उद्देश्य पर्वतमा रहेको फोहर सफा गर्नु भएतापनि अभियान दलका सदस्यहरू त्यस क्रममा शिखर चुम्न उत्तिकै इच्छुक छन्)

Pristine = प्रारम्भिक कालका विशेषताभएको, मौलिक This is the pristine copy of the first edition so I can not lend you this book (पहिलो संस्करणको मौलिक प्रति भएको हुंदा म तिमीलाई यो किताव दिन सक्तिन)

Quaff = नचपाइ घुप्लुक घुप्लुक वा एकै सासमा निल्नु He was so thirsty that he quaffed the entire bottle of water in a minute (ऊ यति तिर्खाएको थियो कि सिंगै वोतल पानी एकै सासमा मिनेटभरमानै सक्यो)

Rue = गल्ति गरेको ठान्दै पछुताउनु He rued the same day he joined army (सैनिक सेवामा भर्ति भएकै दिन गल्ती गरेको ठान्दै उसले पछुतायो)

Subside = घटदै वा किनारा लाग्दै जानु After taking medicine for three days, his fever began to subside (तीन दिन सम्म औषधि सेवन गरेपछि उस्को ज्वरो घट्न शुरु गऱ्यो )

## सामान्य ज्ञान (प्रश्नोत्तर)

**नेपाली भाषामा तयार पारिएको पहिलो चलचित्र कुन हो ?**
■ हरिश्चन्द्र

**नेपाल गभरमेन्ट रेल्वेको स्थापना कहिले भयो ?**
■ वि.सं. १९८५ फागुन ५

**मतदान नगरेमा जरिवाना गर्ने नियम कुन देशमा छ ?**
■ अष्ट्रेलिया

**सर्वोच्च अदालत भवनको उद्घाटन कहिले कसबाट भयो ?**
■ सन् १९६३ फरबरी १, श्री ५ महेन्द्रबाट

**विश्वको सबभन्दा सानो राज्य भेटिकन सिटीको क्षेत्रफल कति छ ?**
■ ०.४४ वर्गकिलोमिटर

**एसियामा गुलाफको सबभन्दा ठूलो बगैंचा कहा छ ?**
■ भारतको चण्डीगढ

**काष्ठमण्डपको निर्माण गर्ने व्यक्ति को हुन् ?**
■ बिसेत

**आधा जनावर र आधा पछी किसिमको प्राणीको नाम के हो ?**
■ प्लेटिपस

**युद्ध र शान्तिका नायक भनेर कसलाई बुझिन्छ ?**
■ इजिप्टका भूपू राष्ट्रपति अनवर अल सादात

**सौर्य ऊर्जाबाट चल्ने फ्रिजको आविष्कार कुन देशले गरेको छ ?**
● फ्रान्स

**आँखा अस्पताल भएको जेट विमानको नाम के हो ?**
● आरबीस

**कति डिग्री तापमानमा सेल्सियस तथा फारेन हाइटको मान बराबर हुन्छ ?**
● माइनर ४० डिग्री

**कुन देशकी महिलाले कुकुरलाई जन्म दिएकी थिइन् ?**
● लक्जेम्बर्ग

## Make बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Make of = ले वनेको All my ornaments are made of gold मेरा सबै गहनाहरु सुनले वनेका हुन् ।

Make from = बाट बनेको Wines are made from grapes वाइनहरु अंगुरबाट वनेका हुन्छन ।

Make to = लागि वनाउनु This car is made to carry eight people यो कार आठ जना मान्छेको लागि वनेको हो ।

Make something into = प्रयोग गरी वनेको Timbers are made into furniture फर्निचर काठलाई प्रयोग गरि वनाइन्छ ।

Make in = मा वनेको These goods are nade in Nepal यी वस्तुहरु नेपालमा वनेकान हुन् ।

Make public = सार्वजनिक (लोकापर्ण) गर्नु Yesterday he made his book public हिजो उस्ले आफनो किताव लोकापर्ण गऱ्यो ।

Make somebody = लगाउनु He made me prepare food yesterday हिजो उस्ले मलाइ खाना वनाउन लगायो ।

Make something a habit = वानी लगाउनु Drinking alone very rarely is not so bad but making it a habit is very bad यदाकदा एक्लै वसेर पिउनु त्यति खराव कुरा होइन तर एक्लै पिउने वानी वसाल्नु ज्यादै खारव कुरा हो ।

## सुडोकु–अंक १३५


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | | | ३ | | | | | १ |
| | | ९ | | ६ | | | | |
| | | ४ | | | १ | २ | ६ | |
| | | ८ | ५ | | ९ | | | ३ |
| | ३ | | | | | | ५ | |
| १ | | | ४ | | ६ | ७ | | |
| | ४ | ६ | ९ | | | १ | | |
| | | | | ७ | | ५ | | |
| ७ | | | | | ८ | | | ९ |

## अंक १३४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ५ | २ | १ | ३ | ६ | ९ | ८ | ४ |
| ९ | ८ | ३ | ४ | ५ | ७ | २ | ६ | १ |
| ४ | ६ | १ | ८ | ९ | २ | ३ | ५ | ७ |
| ६ | ७ | ५ | २ | ४ | ३ | ८ | १ | ९ |
| ३ | ९ | ४ | ६ | ८ | १ | ७ | २ | ५ |
| २ | १ | ८ | ५ | ७ | ९ | ४ | ३ | ६ |
| ८ | ४ | ९ | ३ | १ | ५ | ६ | ७ | २ |
| ५ | २ | ७ | ९ | ६ | ८ | १ | ४ | ३ |
| १ | ३ | ६ | ७ | २ | ४ | ५ | ९ | ८ |

# खतरामा अर्थतन्त्र






Nepal's Foreign Trade (in billion rupees)

| Details | 2015/16 | 2016/17 | Increase |
|---|---|---|---|
| Import | 697 | 893 | 28.10% |
| Export | 63 | 67 | 5.80% |
| Total transaction | 761 | 960 | 26.20% |
| Trade Deficit | 633 | 826 | 30.30% |

*Source: Trade and Export Promotion Center*

काठमाडौं । अत्यधिक आयातको कारण देशको अर्थतन्त्र खतरापूर्ण अवस्थामा पुगेको छ ।

राष्ट्र बैंकले सार्वजनिक गरेको ५ महिनाको तथ्यांकले अत्याधिक आयातको कारण देशबाट भित्रनेभन्दा बाहिरिने रकम बढी हुँदा शोधानान्तर ८५ अर्ब रुपैयाँले घाटामा गएको छ । यस्तै चालु खाता घाटा १ खर्ब १९ अर्ब रुपैयाँ पुगेको छ ।

विगतमा विदेशबाट आउने रेमिटेन्सले शोधानान्तरलाई बचतमा लग्ने गरेपनि यो पटक रेमिटेन्सको तुलनामा आयात अत्याधिक हुँदा शोधानान्तर घाटामा गएको हो । जसको कारण देशको विदेशी सन्चितीको रकम समेत घट्दै गएको छ ।

यो निकै नै चिन्ताजनक विषय हो ।

कुल विदेशी विनिमय सञ्चिति २०७५ असार मसान्तको ११०२ अर्ब ५९ करोडबाट ३.३ प्रतिशतले कमी आई २०७५ मंसिर मसान्तमा १०६५ अर्ब ८० करोड रहेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०७५ असार मसान्तको १० अर्ब ८ करोडबाट ७.९ प्रतिशतले कमी आई २०७५ मंसिर मसान्तमा ९ अर्ब २९ करोड रहेको छ । यो भनेको आठ महिनाको आयात धान्ने विदेशी म'द्राको संचिति हो . यस अघि !! महिनाको आयात धान्ने विदेशी म'द्राको संचिति रहने गर्थ्यो .

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७५ असार मसान्तको रु.९८९ अर्ब ४० करोडको तुलनामा २०७५ मंसिर मसान्तमा रु.६६ अर्ब २६ करोडले कमी आई ९२३ अर्ब १४ करोड रहेको छ । अर्कोतर्फ, बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७५ असार मसान्तमा रु.११३ अर्ब १९ करोड रहेकोमा २०७५ मंसिर मसान्तमा २६ प्रतिशतले वृद्धि भई रु.१४२ अर्ब ६७ करोड पुगेको छ । २०७५ मंसिर मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३.७ प्रतिशत रहेको छ ।

पाँच महिनाको अवधीमा नेपालले आर्थिक वर्ष २०७५र७६ को पाँच महिनामा कुल वस्तु निर्यात ११.२ प्रतिशतले वृद्धि भई ३७ अर्ब ५० करोड पुगेको छ । आर्थिक वर्ष २०७५र७६ को पाँच महिनामा कुल वस्तु आयात ३४.२ प्रतिशतले बढेर रु.६०७ अर्ब पुगेको छ ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १८.२ प्रतिशतले बढेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारतबाट ३१.७ प्रतिशत, चीनबाट ४७.७ प्रतिशत र अन्य मुलुकबाट ३३.७ प्रतिशतले आयात बढेको छ ।

वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, सवारी साधन तथा पार्टस, हवाईजहाज तथा पार्टपुर्जा, एम.एस. बिलेट, अन्य उपकरण तथा पार्टपुर्जा, तरकारी, फलफूल तथा चामल लगायतका वस्तुको आयात बढेको छ भने दूरसञ्चारका उपकरण तथा पार्टपुर्जा, कच्चा भटमासको तेल, सिमेन्ट, स्वास्थ्य उपकरण तथा औजार लगायतका वस्तुहरुको आयात घटेको छ ।

पाँच महिनाको अवधीमा समीक्षा अवधिमा विप्रेषण आप्रवाह ३१.९ प्रतिशतले वृद्धि भई ३ खर्ब ७६ अर्ब ५९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ०.८ प्रतिशतले घटेको थियो ।

# २४ भूकम्पपिडितलाई बाख्रा




काठमाण्डौ माघ ७ । बिपन्न तथा भुकम्पपिडितहरुलाई दुई लाख पचास हजार बराबरको बाख्रा बितरण गरिएको छ । हेरचाह नेपाल नामक गैरसरकारी संस्थाले आईतबार शंखारापुर न.पा ८ साँखु स्थीत पालुबारीमा रहेका बिपन्न तथा भुकम्पपिडितहरुलाई स्वरोजगार बनाउन प्रोत्साहन स्वरुप बाख्रा बितरण गरेको हो । शंखारापुर न.पा ८ का सचिव न्युछे बहादुर नकर्मीले पालुबारी क्षेत्रका २४ परिवारलाई बाख्रा बितरण गरेका थिए ।

वितरण पछि बोल्दै बडा अध्यक्ष नकर्मीले भूकम्पपिडित तथा बिपन्न समुदायले आत्मनिर्भर तथा स्वारोजगार बनाउन संस्थाले गरेको कार्य प्रशंसनिय भएको उल्लेख गर्दै यस्ता कार्यक्रमहरुमा वडाले जहिले पनि सहयोग गर्ने बताए ।

नकर्मीले यस्ता स्वरोजगार मुलक कार्यक्रम संञ्चालन गर्ने संस्थासँग वडाले पनि मिलेर काम गर्ने बताउदै बाख्रा पाएका बिपन्न समुदायले यसलाई बिउको रुपमा लिएर यसबाट राम्रो काम गर्ने सुझाव दिए ।

समाजसेवी पुस्कर डंगोलको सभापतित्वमा भएको कार्यक्रममा हेरचाह नेपालको अध्यक्ष प्रकाश डंगोल उपाध्यक्ष गिता गिरी सचिव रघु थापा लगायतले अगामि दिनमा यसै संस्थाको पहलमा बेमौसमी तरकारी खेतीको तालिमको ब्यबस्थापन पनि बिपन्न र भुकम्पपीडित समुदायमै केन्द्रीत रहेर गर्ने जानकारी दिए ।

संस्थाले उपलब्ध गराएको बाख्रा पाएपछि संगिता थापा, राममायाँ श्रेष्ठ, प्रतिमा नेपाली , तया कुमारी गिरी लगायतले अव यो बाख्रालाई राम्रो हेरबिचार गरेर यसबाट आर्थिक जीवन स्त्तर अगिाडि बढाउन सहयोग पुग्ने बताए । उनीहरुले अझ संस्थाले शिपमुलक तथा रोजगार मुलक कार्यक्रम ल्याउन पनि आग्रह गरे ।

बाख्रा बितरण परियोजनाको लागि हेरचाह नेपाललाई लेस्ले युएसएले सहयोग उपलब्ध गराएको थियो ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
ISO 9001
JAS-ANZ
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3





**चन्द्रागिरीमा हिउँ** : बिहानदेखि परेको बर्षातपछि काठमाडौको दक्षिण-पश्चिम पर्वत चन्द्रागिरिमा यही बर्ष दोस्रोपटक बाक्लो हिउँ परेको छ । उक्त स्थानमा चन्द्रागिरि हिल्स लिमिटेडले केबलकारसहितको एकीकृत पर्यटकीय गन्तव्य निर्माण गरेको छ ।

## नरशमशेरका...

भन्नु टीवीको बिरामी खोकेजस्तो मात्र हो । कौटिल्यले भनेका छन्- जति बुढो भए पनि दुष्ट, दुष्ट नै रहन्छ । जति पाके पनि तीतोफल तितै रहन्छ । पुरानो सत्ता सोत्तर भयो, सोत्तर पार्ने जनता आफै सोत्तर बन्दैछन् । अगुवा बनेकाहरु र तिनका निकटेहरु नवसम्भ्रान्त बन्नपुगे । राष्ट्र क्षयरोगी बनेर टाक्सिदै गइरहेछ ।

लोकतन्त्रमा अनौठो परिपाटी बसेको छ- कोही मऱ्यो कि पार्टीको झण्डा ओढाइहाल्ने र सहीद घोषणा गरिहाल्ने । सहीद भनिदिएपछि सरकारबाट १० लाख निकासा भइहाल्छ । जुन पार्टी सरकारमा गयो, आफ्ना पार्टीका कार्यकर्ता सडक दुर्घटना, रुखबाट खसेर, कालगतिले मरेका सम्मलाई पनि सहिद घोषणा गरियो । ओली सरकारले कञ्चनपुरमा निर्मला पन्तको बलात्कारपछिको हत्या काण्डमा निस्केको जुलुसमाथि गोली ठोक्यो, मरे १७ वर्षका सन्नी खुना । उनलाई सहीद घोषणा गरियो । १४ हजारभन्दा बढीलाई सहीद घोषणा गरिएको छ । गृह मन्त्रालयमा सहीद घोषणा र निकासा शाखा नै खोलिएको छ । विश्वमै सबैभन्दा बढी सहीद भएको मुलुक नेपाल हो । नाममात्रको सहीदको नेपाल ।

राजनीति व्यवसाय बन्यो । व्यवसायमा अलिकति घाटा हुने देख्यो कि यी व्यवसायीहरु यमराज बन्न बेर मान्दैनन् । नेपालमा हिजोको म्यानमारमा जस्तो देखिने नदेखिने जंगी शासन छैन, न त जंगी कानुन नै लागू भएको छ । कुनै बेला इन्दिरा गान्धीले लगाएको जस्तो आपातकाल पनि लागेको छैन । ०६३ सालको परिवर्तनपछि खुलेको लोकतान्त्रिक मार्गमा कुनै बाधा अड्चन छ भने त्यो नेताहरुमा विद्यमान हिंस्रक मनोविज्ञान मात्र हो ।

नेपाली सेना छ, सेना राजनीतिबाट अलग छ र प्राप्त सूचनाको संश्लेषण, विश्लेषण, सेन्सर गरेर सतर्क भइरहेको छ । संविधानले सेनालाई जंगी शासनको अधिकार दिएको छैन, नभएको अधिकार खोज्ने चासो सेनाले गरेको पनि देखिदैन । तैपनि सेनाले बोल्यो- अखण्डताविरुद्ध कुनै पनि हदसम्म जान र देशको अखण्डता बचाउन नेपाली सेना तैयार छ ।

एक जर्नेल भन्छन्- कालापानी, ७१ ठाउँमा भएको सीमा अतिक्रमण, लिपुलेकदेखि लिम्पियाधुरासम्मको हाम्रो भूमि हो, त्यसको प्रमाण सेनाले जुटाइसक्यो । भारत र चीनले लिपुलेकबाट व्यापार गर्ने सम्झौता कसरी गरे, त्यसमा पनि सेना सचेत छ । नेपाली भूमिबाट व्यापार गर्ने यो सम्झौतामा नेपाली पक्षको सरोकारको जानकारी चीनको कानसम्म सेनाले पुऱ्याइसकेको छ । झट्ट हेर्दा सरकारले खटाएको काम गर्ने अरौटेजस्तो देखिए पनि भित्रभित्रै सेना राष्ट्रिय सुरक्षा र अखण्डताका प्रति तम्तैयार भइसकेको छ । यतिमात्र होइन, दलाई लामादेखि विदेशी दूतावासहरुले काठमाडौंदेखि मुस्ताङसम्म, गुम्बादेखि मन्दिरसम्म के के गरिरहेका छन्, ती सबैको रेकर्ड नेपाली सेनाले संकलन गरेको छ ।

ती जर्नेलका अनुसार सरकार, संसद, नागरिक समाज र राजनीतिक दलहरुले राष्ट्रिय समस्यामा ध्यान दिनेछन् । राष्ट्रमाथि संकट आइलाग्यो भन्ने अनुभूति हुनासाथ सेना हर्कतमा आउनेछ, सेनाले आफ्नो नमकको सोझो गर्नेछ । सेनाले बोलेपछि प्रमाण पुऱ्याएर बोल्छ, हतियार उठाएर अघि बढ्छ, सेना निस्केपछि देशका लागि मरिमेट्छ । अहिलेसम्म समस्या संविधानको सीमाभित्र छ, सरकारको चासोभित्र छ, संसदको कार्यक्षेत्रभित्र छ । सरकारको धारणा नआएसम्म सेना बोल्दैन, बोलेपछि पछि हट्दैन । सीमाविद बुद्धिनारायण श्रेष्ठ भन्छन्- अहिलेसम्म भारतले ६० हजार ६ सय ६२ हेक्टर भूमि अतिक्रमण गरिसकेको छ । केही समयअघि बिबादित सुस्ताको जमिनमा भारतले सडक निर्माण थालेको छ । यति ठूलो कुरा अहिलेसम्म राजनीतिक मुद्दा नै बन्न नसक्नु राष्ट्रिय राजनीतिमा कायरहरुको रजगज रहेछ भन्ने बुझ्न सकिन्छ ।

लिथुआनियामा गोली ठोकेपछि गोर्वाचोभको ख्याति शून्य हुनपुग्यो । स्टालीन मर्नासाथ सुरु भएको आन्दोलितहरुले रुसभरिबाट उनको सालिक उखेल्ने काम गरे । तियानमेन चोकमा टेङ्कले मान्छे पेलाएपछि देङ सियाओपेङको खुलापन खद्दर हुनपुग्यो, जसलाई सीजिन पिङ्ले बल्ल खुलाअर्थनीतिलाई मलमल बनाएका छन् । दुई तिहाईको सरकार छ भनेर फूर्ती लगाउने र अर्को जनयुद्ध गर्छु भन्ने सबै प्रकारका कम्युनिष्टहरुले बुझ्नुपर्ने हो, आमाको त त्यो गति, कान्छामामाको कुन गति ?

हो, आयो, नेपालमा सत्ता बन्दुकको नालबाट आयो । सत्य के पनि हो भने दिल्लीले नचाएको बाँदर आतंक र प्रजातन्त्रलाई बारुद बनाएर पड्काएपछि बल्ल बन्दुकको नालबाट सत्ता निस्केको हो । समयको माँग थियो कि राजतन्त्रको नादानी, पुच्छर ठाडो पारेर भागेपछि जे नहुनुपर्ने सबै भयो । हातको गुमाएपछि अहिले पश्चातापमात्र बाँकी छ ।

आखिर राजनीति ड्याकुल्ला बन्यो, जसले देश र जनताको रगत चुसिरहेको छ । मान्छेको मूल्यभन्दा गोली सस्तो भयो । मानौं, गोली कालीमाटी तरकारी बजारको सबैभन्दा सस्तो बैगन र बन्दा हो ।

पहिले कांग्रेस सकिए देश सकिन्छ भन्नेहरु अहिले कांग्रेस नरहे प्रजातन्त्र रहन्न भन्न थालेका छन् । जब कि पञ्चायत हुँदा पनि देश सकिएन । बहुदल आए पनि देश सकिएन । लोकतन्त्र आयो देश छ । फरक यत्ति हो, नेपालीत्व मन्द विषले मारिदैछ, विदेशी हैकम स्थापित हुँदैछ । आतंक हिजो थियो, आतंक आज छ । आतंक सुल्टो थियो, आतंक उल्टो हुँदा विकृति र विसंगति बढेको छ । एक लेखकले कतै लेखेका थिए- देवदत्तको घाइते रजहाँसलाई कुन सिद्धार्थले बचाउला ? यो स्वर्गभूमि र भूमिपुत्रपुत्रीहरु देवदत्तको त्यही घाइते रजहाँस हो । आज बुद्धको जन्मथलो नेपाल शान्तिको श्वास फेर्न अर्को शिद्धार्थको खोजीमा छ ।

बन्दुकले लोकतन्त्रलाई खरानी बनायो, संघीय पद्धतिलाई खरानी घसायो, अझै नाङ्गा आँखाले यो नाङ्गो तस्वीर नहेर्ने ?

रगतको राजनीति गनाउन थाल्यो । देशैभरि दुर्गन्ध फैलिन थाल्यो । लोकतन्त्रले लोकमात्र देख्छ, लोकलाई जातीय, भेगीय, भाषा र क्षेत्रीयतामा बिभाजन गर्दैन । लोकतन्त्रमा इरानको सिया र सुन्नी, अफ्रिकाको हुतु र तुत्सीको जस्तो द्वन्द्व किन निम्त्याइयो, कसले निम्त्यायो, कुन अभिष्ठ पूरा गर्न निम्त्यायो ? सत्ताको आङमा भैंसीको किर्ना टाँसिएझैं टाँस्सिएर यो राष्ट्रिय समस्याको समाधान निकाल्न सकिन्न । समाधान निकाल्न सकिएन भने आधुनिक महाभारतको युद्ध हुन्छ हुन्छ । कौरव वंशको बिनासलीला कसैले रोक्न सक्ने छैनन् । कौरव बन्ने कि पाण्डव ? निर्णय गरौं ।

## के छ विधेयकमा...


गर्नुपर्ने सहमति थियो । समितिले सिटिइभिटी सम्बन्धी व्यवस्थामा पनि परिवर्तन गरेको छ । सहमतिमा नभएका विषय, गैर नाफामूलक बनाउने र सरकारको छुट्टै मेडिकल कलेज विश्वविद्यालय खोल्ने विषय पनि थप गरिएको छ । माथेमा आयोगको प्रतिवेदनमा एउटा विश्वविद्यालयले पाँचभन्दा बढी शिक्षण संस्थालाई सम्बन्धन दिन नहुने उल्लेख छ । तर अहिले समितिबाट पास भएको विधेयकमा ऐन जारी हुनुभन्दा अघि सम्बन्धन दिइसकेका र मनशायपत्र लिई मापदण्ड पूरा गरेका काठमाडौं उपत्यका बाहिरका शिक्षण संस्थाका हकमा लागू नहुने उल्लेख गरिएको छ । माथेमा कार्यदलले सिटिइभिटीले प्रमाणपत्र तहभन्दा मुनिका स्वास्थ्य शिक्षासम्बन्धी कुनै पनिघ कार्यक्रम सञ्चालन नगर्ने, पाँच वर्षभित्र छुटाउनुपर्ने सुझाव थियो । विधेयकमा प्रमाणपत्र तहभन्दा मुनिका स्वास्थ्य शिक्षासम्बन्धी कुनै पनि प्राविधिक कार्यक्रम तोकिएबमोजिम हटाउने (फेजआउट) र तोकेको मापदण्ड बमोजिम स्तरोन्ननि (अपग्रेड) गरिनेछ उल्लेख छ । तर कति वर्ष लगाएर अपग्रेड गर्ने भन्ने उल्लेख छैन ।

सरकार र केसीबीच मुख्य विवादको विषय भनेकै मेडिकल कलेज खोल्ने मनशायपत्र -एलओआई) पाइसकेका मेडिकल कलेजलाई अनुमति दिने कि नदिने भन्ने नै हो । विधेयकले एलओआई पाइसकेकालाई सम्बन्धन दिन खोजेको छ । एउटा विश्वविद्यालयले पाँचभन्दा बढी मेडिकल कलेजलाई सम्बन्धन नदिने विधेयकमा उल्लेख गरिएको छ तर यहीभित्र प्रतिबन्धात्मक वाक्यांश राखेर यसअघि नै मनशायपत्र लिई मापदण्ड पूरा गरेका काठमाडौं बाहिरका शिक्षण संस्थाको हकमा यो प्रावधान लागू नहुने उल्लेख छ । यो प्रावधान लागू हुने हो भने मनमोहन, नेसनल, बीएन्डबी मेडिकल कलेजका लागि बाटो खुल्छ । यी प्रावधानका लागि केसी अनसन बसेका हुन् । यसकै लागि कांग्रेसले संसद तताइरहेको छ ।

सत्तापक्ष सार्वभौम संसदको समितिले गरेको निर्णयको सम्मान गर्नुपर्ने तर्क गरिरहेको छ । यो विषय चिकित्सा शिक्षा आयोगलाई जिम्मा दिइएको भए केसीसँगको सहमतिको मर्म अनरुप हुने थियो । विधेयकमा चिकित्सा शिक्षा विश्वविद्यालयको अवधारणा ल्याइएको छ । तर केसीले यसको सट्टा आयोग हुनुपर्ने माग गरेका छन् ।

डा. केसीको जारी अनसनको पहिलो माग साउन १० को सम्झौता अनुसार हुबहु विधेयक आउनुपर्नेछ । त्योबाहेक निर्मला पन्त हत्या, द्वन्द्वकालका जघन्य अपराधका घटनामा दोषीलाई कारबाही राजनीतिक प्रकृतिका मागहरु छन् । उनले प्रधानमन्त्रीको स्वास्थ्य अवस्थामाथि समेत टिप्पणी गरेका छन् जसले सरकार र सत्तापक्षका सांसदहरुको आक्रोशको पारो तातेको छ । चिकित्सा शिक्षा क्षेत्रको सुधारको माग गर्ने मान्छेले निर्मला हत्या प्रकरण र द्वन्द्वकालका अपराधीको कुरा गर्नु आश्चर्यजनक मानिएको छ । जनताको समर्थन बटुल्ने ध्येयले यी माग घुसाइए पनि अहिले डा. केसी यिनै मागका कारण विवादमा तानिएका छन् । सरकार विधेयक जसरी पनि संसदबाट पारित गराउने बाटो खोजिरहेको छ भने प्रतिपक्ष दल कांग्रेस कुनै पनि हालतमा बिना संशोधन विधेयक पास गर्न नदिने रणनीतिमा छ । गिरिजा र सुशीलका नामका अस्पताललाई लिएर कांग्रेसले संसद अवरुद्ध गरिरहेको छ । डा. केसीका माग बिर्सिए जस्तो छ ।

# सत्तासीन नेपाल कम्युनिस्ट पार्टी विपक्षी नेपाली कांग्रेससँग



**जगदीश लामिछाने**
रौतहट, पौराई

यो हरफकर्ता २०५२ मा कर्णाली अञ्चलको हुम्ला सिमिकोटमा तिब्बत मानसरोवर कैलाश यात्राबाट आइपुग्दा वर्तमान पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई सिमिकोटबासीसँग दशैंका छेक गफगाफ गर्दै हुनुहुन्थ्यो । त्यस बेलामा परिचय दिँदा मनहरा नजिकै उहाँको काठमाडौंमा घर छ र म छिमेकी हुँ भनेर परिचय दिएपछि समर्थन जनाउनुभएको थियो । त्यसपछि दिल्लीका राजनीतिक नेताले हाम्रा मान्छे दुवै तिम्रा नेता हुन् भनी नेपालीहरुलाई परि लगाइदिएपछि हाम्रा दुवै माओवादी नेताको सातो गएको थियो ।

अहिले एमाले र माओवादी मिलेर एउटै कम्युनिस्ट पार्टी भए पनि बीच बीचमा छिद्र खुल्न छोडेका छैनन् । यो कुराको भोलि समाधान होला । अहिले एउटै भएर सत्ता समातेकै छन् । बाबुरामज्यूले मात्र अर्को दल खोल्नुभएको छ । जनताका अड्कलहरु मिल्दै गएकै छन् । झन् न्याय माग्न अनशन बसेका नन्दप्रसादको अस्पतालमै मृत्यु भएझैँ नहोस् भनी अहिलेको सत्ताले आफैंले सम्झौता गरेको सम्झौताबाट आफैं चिप्लँदै गएर डा.केसीको ज्यान, जनस्वास्थ्यको सेवा आदि सबै कुरा सरकारले ख्याल गर्नैपर्छ ।

उसबेलाका नागरिक अगुवामध्येका २०६२ सालको आन्दोलनका डा. देवेन्द्रराज पाण्डे र कृष्ण पहाडीमै पाण्डेले रुझेका म्याउ जसरी अन्तर्वार्ता दिन लाग्नुभएको छ भने पहाडीले खुलेआम आफ्ना लेखहरुमा वर्तमान नेताहरु धेरैजसोले आफूले भनेजस्तो गरेनन् । जनताको आश पूरा गरेनन् भन्न लाग्नुभएको छ । २०७५ माघ ६ गते अन्नपूर्ण पोस्ट दैनिकमा समेत प्रस्टवादी हुनुभएको छ । अर्कातिर २०७५ कै सोही दिनको नागरिक दैनिकमा बिर्सिएका मूल्यवान पाठ शीर्षकमा रमेशनाथ पाण्डेले लेख्नुभएको चेतावनी पढ्दा कतै वर्तमान सत्ताले बाटो बिराएर अफगानिस्तान आदिको दु:खमा पो नेपाल पर्ला कि भन्ने सन्देह पैदा समेत भएको छ । यसैले अति होसपूर्वक कूटनीति चाल्नुपर्ने नेपालको कर्तव्य नै देखिन्छ । भारत र चीनलाई समान सन्तुलनमा राख्नुपर्ने भएकै छ ।

सत्तासीन कम्युनिस्ट कुनै नेताले पूर्वराजालाई किन तिरस्कार गरेको भनी उनकै फोटो राखेर माथिकै कृष्ण पहाडीकै लेख मुन्तिर चिठी लेखिएको छ- भर्खरै राष्ट्रिय जनमोर्चा अध्यक्ष चित्रबहादुर केसीको कठघराको जवाफमा पनि उहाँले पूर्वराजाले सबै नेताहरुलाई सचेत गराएको सम्झाउनुभएकै छ । हामीहरुले र सबै नेताहरुले पनि व्यक्ति केन्द्रित नीति होइन, समस्या केन्द्रित नीति लिएर समस्या समाधान गर्नुपर्छ । यस विषयमा सरकार नै चुक्ला जस्तो देखियो ।

यो देश अस्थिर भयो भने सबै नेतासहित जनताले दु:ख पाई कूटनीतिक मूल्यमान्यता बिर्सिएको कारण छँदा खाँदाको युगोस्लाभियाको अहिले नाम निशाना छैन भन्ने पनि सम्झनुपर्छ । यसैले रमेशनाथ मननीय नै छन् । पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले जस्तो पखेटा फेरेर अर्को दल खडा गर्दैमा सुख पाइने छैन । मुख्य रुपले न्याय क्षेत्रसहित सबैतिर अहिले भ्रष्टाचार नहटाइ हामीले किमार्थ सुख पाउने छैनौं । न्यायाधीश र वकिलहरु दुवै तहको कर्तव्य नै यही हो । यसैले प्रस्टवादी कृष्ण पहाडी मननीय छन् ।

त्यस्तै माग ६ गते अन्नपूर्ण दैनिकमा 'लिपुलेक छाड्नुहुन्न' भन्ने शीर्षकमा लिपुलेकभन्दा पश्चिम लिम्पियाधुरासम्म नेपाल हो भन्न बुद्धिनारायण जस्ता विद्वानले पनि छुटाउनुभएको हो कि छाप्न छुटेको हो ? पत्ता पाइएन । लिपुलेकमा त भारत र चीन मिलेर बाटो खोल्ने सम्झौता भएकोले हामी नेपालका सबै दल विशेष गरी सत्तासीन कम्युनिस्ट र नेपाली कांग्रेसले दुवै देशलाई समान व्यवहार गर्नुपर्छ । हाम्रो समस्या हामी आफैंले समाधान गर्नुपर्छ । भारत, चीन, अमेरिका आदिले गर्ने छैनन् ।

रुझेको बिरालो जस्तै भएर हाम्रा नेताहरु भएको सीमा त छिमेकीहरुले च्याप्दै छन् भनी १८१४-१६ मा गुमेको र त्यो छिमेकीले अनधिकार खाइरहेको चर्चा नै गर्न चाहँदैनन् । वास्तवमा हामी कुनैले जानेर अर्थात् विदेशीको भ्रम जालमा बिकेर अनि अरुलाई त्यसै भुलाएर आफ्नो अधिकार गुमाउँदै जान्छौं भन्ने त पुराना सिक्किमे नरबहादुरको भारत झुक्याहटको पुराना यसै हरफकर्ताको स्तम्भ लेखमै छ । अब त्यस्तो भ्रम जालमा पर्ने होइन । रमेशनाथको माथिको चेतावनीमाझै हामी फसिरहनेछौं । सयौं वर्ष फसिसक्यौं र हाम्रै नेताहरुकै कारणले फस्यौं । केवल नेपाली गरिब जनताको र गोर्खालीकै भरले बाँचेका छौं । आफ्नो टिस्टा काँगडा गोरखपुर दार्जिलिङको प्राप्त अधिकार पनि मुख्य गरेर सत्तासीन र विपक्षी नेपाली कांग्रेसले पनि उठाउनैपर्छ । राष्ट्रिय जनमोर्चाका अध्यक्षले पनि यो उठाउनैपर्ने विषय हो हैन भने नेतृत्व आफैं पन्छँदै जान बाध्य हुनुपर्छ । नेपाली जनता र अरु दल अघि सर्नेछन् । आफ्नो अधिकार लिनेछन् लिनेछन् ।

## थोत्रा...

र अब मानवीय कारणले यो झन् संवेदनशील बन्न पुगेको छ । हामीले सास फेर्ने हावामा सामान्य आँखाले देख्न सकिने र नसकिने धूलोका अनेक कण हुन्छन् । तीमध्ये केही हानिकारक र केही असर नगर्ने किसिमका हुन्छन् । हावामा यसरी हानिकारक धुलोका कणको मिसावट भई हुने वायु प्रदूषणबाट काठमाडौं अछुतो छैन । उपत्यकाका दुई स्थानमा गरिएको वायु प्रदूषण मापनले पनि उपत्यकामा अत्यधिक प्रदूषणको मात्रा बढेको पाइएको छ । काठमाडौमा गरिएका अध्ययन मनन गर्दा यहाँ विशेष गरी रासायनिक वा अन्य किसिमका प्रदूषणभन्दा पनि सडक, सवारी र कलकारखानाबाट निस्कने धूवाँ र धूलोको समस्या बढी छ । एउटा स्वस्थ मानिसले औसत प्रतिमिनट १२ पटकसम्म सास फेर्छ । त्यस क्रममा उसले लगभग ६ लिटर हावा प्रयोग गर्छ । यसबाट बाँच्नका लागि हावा कति आवश्यक छ अनुमान गर्न सकिन्छ ।

उपत्यकामा वायु प्रदूषण गराउने प्रमुख स्रोतका रुपमा रहेको सवारी साधन हरेक वर्ष १३ प्रतिशतले बढेको छ । सन् २००५ मा गरिएको अध्ययनले उपत्यकामा भएका सवारीको २० प्रतिशत सवारीले ५० प्रतिशत प्रदूषण फैलाएको पाइएको छ । यस अवधिमा सवारी साधनको संख्या तीन गुणाले बढेको यातायात विभागको तथ्यांकले देखाएको छ । सडकको अवस्था झनै बिग्रिएको छ ।

वायु प्रदूषण नियन्त्रण गर्न सकिने भन्दै त्यसका लागि सरकारले भएका नीति नियमलाई कडा रुपमा कार्यान्वयन गर्नुपर्ने प्रदूषण मापन यन्त्रको संख्या वृद्धि गर्नुपर्ने र सवारी साधनको प्रदूषण मापन गरी दिइने हरियो स्टिकरको नियमित अनुगमन तीव्र गरिनुपर्ने विज्ञहरुको सुझाव छ । प्रदूषण नियन्त्रणसम्बन्धी नीति नियमका साथै प्रदूषण मापदण्डको कडाइसाथ कार्यान्वयन गर्ने, सार्वजनिक यातायातको गुणस्तर सुधारका साथै सडक विस्तारका क्रममा साइकल र हिँड्नका लागि सुविधायुक्त पूर्वाधार निर्माण गरिनुपर्ने उनीहरुको सुझाव छ ।

सहरी क्षेत्रमा स्वच्छ प्रवर्द्धनका लागि सोलार साथै अन्य नवीकरणीय ऊर्जा प्रयोगमा प्रोत्साहन गर्न पनि विज्ञहरुले सुझाएका छन् । सहरी क्षेत्रमा फोहोरमैला संकलन तथा व्यवस्थापन सुधार गर्नुपर्ने, यस विषयमा अध्ययन र अनुसन्धान प्रबर्द्धन गर्न विश्वविद्यालय एवं संघ संस्थासँग समन्वयमा कार्यक्रम तयार गर्न पनि विज्ञहरुले राय दिएका छन् । प्रदूषण नियन्त्रण शुल्कबाट संकलित करिब साढे ५ अर्ब रुपैयाँ प्रयोगमा आउन सकेको छैन । प्रदूषण नियन्त्रण कोषलाई सञ्चालनमा ल्याउन सरकारले कुनै कार्यक्रम ल्याउन सकेको छैन ।

## शोधनान्तर...

यस्तो आप्रवाह ३ दशमलव २ प्रतिशतले बढेको थियो । कुल विदशी विनिमय सञ्चित २०७५ असार मसान्तको ११०२ अर्ब ५९ करोडबाट ३ दशमलव ३ प्रतिशतले कमी आई २०७५ मंसिर मसान्तमा १०६५ अर्ब ८० करोड रहेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०७५ असार मसान्तको १० अर्ब ८ करोडबाट ७ दशमलव ९ प्रतिशतले कमी आएको छ । त्यसैगरी विस्तृत मुद्राप्रदाय ५ दशमलव १ प्रतिशतले बढेको छ । त्यस्तै निक्षेप संकलन ६ दशमलव २ प्रतिशतले बढेको छ ।

## अतिक्रमित...

३० मिटर लामो तारबार गरेको जानकारी दिए । खुल्ला सिमानाका कारण बिभिन्न आपराधिक गतिविधि बढेकाले बोर्डर सिल गर्नुपर्ने र भारतीय सीमा अतिक्रमण रोकिनुपर्ने सन्देश दिन तारबार गरेको उनले बताए । यस्तो अभियान अन्य जिल्लामा पनि जारी राख्ने उनको भनाइ छ । अध्यक्ष ढकालले भने, 'हाम्रो विद्यार्थी संगठनले राष्ट्रिय स्वाधिनताको आन्दोलनलाई अगाडि बढाइरहेको छ, त्यही अभियान अन्तर्गत माडी क्षेत्रमा काँडेतार लगायौं । यस्तो अभियान लिएर हामी अरु जिल्लामा पनि जान्छौं । लिपुलेक पनि पुग्छौं ।' तारबार लगाउन स्थानीयबासीसहित करिब १४५ जनाको टोली खटिएको थियो । उनीहरुले नेपालको राष्ट्रिय झण्डा र सीमा अतिक्रमण विरुद्ध नारा लेखिएको ब्यानर बोकेका थिए । ब्यानरमा 'सीमा मिच्न बन्द गर', 'अतिक्रमित भूमि फिर्ता गर', 'राष्ट्रिय स्वाधिनताको रक्षा गर' नारा लेखिएको थियो । भारतले नेपालका ७१ ठाउँमा ७८ हजारभन्दा बढी हेक्टर नेपाली भूमि अतिक्रमण गरेको छ । तथ्यांकहरुले देखाएका छन् । तर अतिक्रमित भूमि फिर्ता गराउन सरकारले अहिलेसम्म कुनै पहल गरेको छैन ।

## चन्द्रमामा...

बीउ, माटो, मर्चा र एकप्रकारको झिंगाको अण्डा लिएर गएको थियो । परीक्षणका प्रमुख प्राध्यापक लिउ हाङलोङका अनुसार बिरूवा टुसाएको भाँडो सानो र यसभित्र २५ डिग्री सेल्सियस तापक्रम कायम राख्ने प्रणाली जोडिएको छ । उनले भने, 'अब टुसाएको बिरुवाले भाँडाभित्र एक सुक्ष्म जैविक मण्डल सिर्जना गर्नेछ । कृत्रिम वातावरणमा विरुवा आफैं हुर्कनेछ ।'अन्तरिक्षमा लामो समय बाँच्न सम्भव छ कि छैन भन्ने थाहा पाउन बिउलाई चन्द्रमामा लगेर उमारेको प्राध्यापक लिउको कथन छ । उनले भने, 'कम गुरूत्वाकर्षणमा यो बिरूवा टुसाएको छ, यसको हुर्काइले हामीलाई भविष्यका लागि स्पेश बेस बनाउने बाटो खोल्नेछ ।'

## वाइडबडीमा...

शर्माद्वारा पत्रकार सम्मेलनका क्रममा जारी प्रेस विज्ञप्तिको बुँदा नं २ मा उल्लेख छ । उक्त बुँदामा भनिएको छ, '२०७३ साउन १९ मा प्रधानमन्त्री पदबाट ओलीको बिदाइसँगै सोही दिनबाट श्री पुष्पकमल दाहाल प्रधानमन्त्री बन्नुभयो । वाइडबडी जहाज खरिद प्रक्रियाले तत्पश्चात् थप गति लिएको देखिन्छ ।' तर, दाहाल सरकारमा आफ्नो पार्टीका केन्द्रीय सदस्य शाही पर्यटनमन्त्री रहेको यथार्थता भने विज्ञप्तिमा उल्लेख गरिएको छैन । यति मात्रै भनिएको छ,'वाइडबडी जहाज खरिदका लागि बोलपत्र आह्वान गर्ने निर्णय ७ असोज २०७३ मा नेपाल वायु सेवा निगम सञ्चालक समितिले गरिरहँदा प्रधानमन्त्री हुनुहुन्थ्यो दाहाल ।'

२०७३ माघ १७ मा दाहाल नै प्रधानमन्त्री रहेका बेला वाइडबडी जहाज खरिदका लागि बैनाबापतको रकम पठाउने निर्णय भएको तथ्य देखिएको उल्लेख गर्दै विज्ञप्तिमा भनिएको छ, 'वाइडबडी खरिदका लागि आवश्यक ठहर गरिएको २४ अर्ब रुपैयाँ कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट सरकारी जमानीमा निगमलाई दिलाउने निर्णय ५ वैशाख ०७४ मा मन्त्रिपरिषद्ले गरेको थियो । त्यतिबेला दाहाल नै हुनुहुन्थ्यो प्रधानमन्त्री ।'

## डाभोसमा...

लागि सबैले योगदान गर्नुपर्ने बताए । नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै डाभोस पुगेका प्रधानमन्त्री केपी ओलीले नेपालको द्वन्द्वपछिको अवस्थामा शान्ति प्रक्रिया हुँदै संविधान निर्माण गरी कसरी मुलुक परिवर्तन र समृद्धिको बाटोमा अघि बढिरहेको छ भनी सञ्चालक पान्गेस्तुले सोध्दा प्रधानमन्त्री ओलीले वार्ताबाट द्वन्द्व समाधान गरेको र नेपालमा संविधान जारीपछि कानूनी संरचना निर्माण गरेर दुई छिमेकी देश चीन तथा भारतलगायत सार्क राष्ट्रसँग मजबुत सम्बन्ध निर्माण गरी 'समृद्ध नेपाल सुखी नेपाली' को लक्ष्य प्राप्तिका लागि अघि बढेको बताए ।

## हार्दिक समवेदना



जन्म २००१।२।१०    मृत्यु २०७५।१०।१

प्रगतिशील नेवा दवुका सदस्य जितेन्द्र कर्माचार्यकी माता तथा अनु कर्माचार्यकी सासु काठमाडौं जिल्ला नागार्जुन न पा वडा नं ४ सीतापाइला निवासी बिना कर्माचार्यको यही माघ १ गते मंगलबार असामयिक निधन भएकोमा मृतात्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक संतप्त परिवारप्रति हार्दिक सहानुभूति व्यक्त गर्दछौं ।

**सिद्धि महर्जन**
अध्यक्ष, प्रगतिशील नेवा दबु